# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सिगास गाउँपालिका

### बैतडी





**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
## २०७९

## सिगास गाउँपालिका

## बैतडी




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

महालेखापरीक्षकको

# वार्षिक प्रतिवेदन

२०७९

## सिगास गाउँपालिका

बैतडी

**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुऱ्याउनु रहेको छ। आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन्। त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फस्यौंट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन। लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन गर्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ चैत्र

**महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय,
(सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ५७४ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
सिगास गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
बैतडी ।

**कैफियत सहितको राय**

हामीले सिगास गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.५ करोड ६१ लाख ५७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू. २३ लाख १६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. १ करोड २६ लाख ६७ हजार, नियमित गर्नुपर्ने रु. ३ करोड ६६ लाख २० हजार र पेश्की रू. ४५ लाख ५३ हजार रहेको छ ।पालिकाको गतवर्ष सम्म रु. १८ करोड ७ लाख ६७ हजार बेरुजू बाँकी रहेकोमा सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १८ करोड ९६ लाख २ हजार रहेको छ । **गाउँपालिकाको बेरुजू वर्गीकरण तथा अद्यावधिक बेरुजू स्थितिको व्यहोरा यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

सिगास गाउँपालिका, बैतडी

# १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | | दफा संख्या | | | दफा संख्या | | | | | | | | | |
| सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | सैद्धान्तिक | लगती | रकम | असुल गर्नुपर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ७७ | १४७ | ५६१५७ | ० | ० | ० | ७७ | १४७ | ५६१५७ | २३१६ | ३६६२० | १२६६७ | ० | ० | ४९२८७ | ४५५३ |

# २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सिगास गाउँपालिका बैतडी | १८०७६७ | ० | ४७३२२ | १३३४४५ | ० | ५६१५७ | १८९६०२ |

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्षः २०७८/७९

कार्यालय र स्थान : सिगास गाउँपालिका, बैतडी , सिगास गाउँपालिका , बैतडी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | कविन्द्र प्रसाद ओझा | २०७७-१०-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | अशोक कुमार भट्ट | २०७७-१२-२६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ५६,१५७,२४८.९ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ७,७१,३७,१७१.९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३५,१७,२१,००० | **चालु खर्च** | ३०,४४,०३,२५८.३ |
| **प्रदेश सरकारबाट अनुदान** | १,५४,९०,००० | **पूँजीगत खर्च** | १५,००,०४,०७० |
| **राजश्व बाँडफाँट** | ७,९७,१९,७६५.८६ | **वित्तीय/अन्य व्यवस्था** | १६,३२,९३,९३५.९५ |
| **आन्तरिक आय** | ४९,१३,८१८.५ | | |
| **अन्य आय** | १०,१६,७२,१०७.९५ | | |
| **कुल आय** | ५५,३५,१६,६९२.३१ | **कुल खर्च** | ६१,७७,०१,२६४.२५ |
| **बाँकी मौज्दात** | | १,२९,५२,५९९.९६ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय** | |

| | | | | |
|---|---|---|---|---|
| | | | स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकारको सञ्चालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारिता, सह अस्तित्व र समन्वयलाई प्रवर्द्धन र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु गाउँपालिकाको उद्देश्य रहेको छ । यस पालिका अन्तर्गत ९ वडा, ४५ सभा सदस्य, २४५.०४ वर्गकिलोमिटर क्षेत्रफल तथा २३८७२ जनसंख्या रहेको छ । | |
| २ | | | **लेखापरीक्षण**<br>लेखापरीक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरीक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरीक्षण मार्गदर्शन, व्यवसायिक लेखापरीक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरीक्षण योजना, कार्यक्रम र लेखापरीक्षणको विधि अनुसार लेखापरीक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।उक्त व्यहोरा उपर मिति २०७९।५।१४ मा व्यवस्थापनसँग छलफल सम्पन्न भएको छ । लेखापरीक्षणबाट देखिएका व्यहोरा निम्न छन् । | |
| ३ | | | **लेखापरीक्षणको क्रममा असुली**<br>आर्थिक वर्ष २०७८/०८९ को सामाजिक सुरक्षा भत्ता वितरण गरि कृषि विकास बैंक, सिगास शाखामा रहेको बाँकी रकम रु. ४५,९०,३९८.५१ मिति २०७९।५।१२ मा राजस्व शिर्षक नं १५११२, को.ले.नि.का बैतडीको राष्ट्रिय वाणिज्य बैंक, बैतडी शाखामा रहेको खाता नं १०००२०००१०००० मा दाखिला भएको छ साथै आर्थिक बर्ष २०७८।७९को फिर्ता गर्नु पर्ने रू १,६१,३५,४७४।०० मिति २०७९।५।१२ मा राष्ट्रीय बाणिज्य बैक बैतडीमा दाखिला भएको देखिन्छ । | |
| ४ | | | **बित्तीय बिवरण** | |
| ४.१ | | | स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन,<br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको श्रेस्ताको मौज्दात भन्दा बैक मौज्दात रु ५,५३,१९६।०० बढी देखिएको छ,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन | |

तथा लेखाङ्कन गरेको भएता पनि आर्थिक बिवरणले सम्पुर्ण कारोवार एकिकृत रूपमा प्रस्तुत गर्दैन । कार्यालयले आर्थिक बर्ष २०७८।७९ मा रू ६३,०६,५३,८६४।२१ को आर्थिक बिवरण पेश गरेकोमा सामाजिक सुरक्षाको रू ९,७७,३१,७२८।०० र गरिबसंग बिशेश्वर कार्यक्रम रू ४,५४,५०८ गरी जम्मा रू ९,८१,८६,२३६।०० म.ले.प. फा. न.२७२ भन्दा बाहिर रहेको देखिन्छ ।

त्यसैले तोके बमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

४.२

**बैंक हिसाब मिलान नगरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा लेखा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ताको साटन बाकी बिवरण बैक बाकी मौज्दात भिडान गर्दा रू ५,५३,१९६।००बैकमा बढी रहेको देखिएकोले फरक पर्न गएको बैंक हिसाब मिलान विवरण तयार गरी एकिन गर्नु पर्दछ ।

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | आन्तरीक राजस्व खाता | ० | ० | |
| २ | बाडफाटबाट पाप्त राजस्व | ० | ० | |
| ३ | आन्तरीक अनुदान | ० | ० | |
| ४ | चालु खर्च खाता जोर बर्ष | ३००००० | ० | |
| ५ | पुजिगत खर्च खाता जोर बर्ष | ० | ० | |
| ६ | स्थानीय प्रकोप ब्यवस्थापन कोष | २९१९७२ | २९१९७२ | |
| ७ | बिबिध खर्च खाता | ० | ० | |
| ८ | स्थानिय संचित कोष | १०८१६१३१।९६ | १११८५४५६।९६ | |
| ९ | धरौटी खाता | १५४४४९६ | २०२८३६७ | |
| | | १,२९,५२,५९९।९६ | १,३५,०५,७९५।९६ | ५,५३,१९६ |

| | | | | |
|---|---|---|---|---|
| ४.३ | | | **जिम्मेवारी फरक परेको**–स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु ७,१०,१४,४२२।९४ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु ७,७१,३७,१७१।९० जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु ६१,२२,७४८।००बढी जिम्मेवारी सरेको सम्बन्धमा छानबिन गरी एकिन हुनु पर्दछ । | |
| ४.४ | | | **कट्टी रकम दाखिला नभएको**: आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व कार्यबिधि ऐन २०७६ मा कट्टी रकम राजस्व खातामा दाखिला गर्नु पर्ने ब्यवसथा छ । यस कार्यालयले आर्थिब बर्ष २०७८।७९ मा कट्टी भई राजस्व खातमा दाखिलागर्न बाकी रहेको रू २,०१,५५४।०० संघिय संचित कोष दाखिला गरेको देखिएन । अत कार्यालयले उक्त कट्टी रकम दाखिला गरेको प्रमाण पेश गर्नु पर्ने देखिएको रू.<br><br>**क्रम** \| **कर्मचारीको/फर्म/संगठन नाम** \| **असुली रकम**<br>४.४.१ \| कट्टी रकम दाखिला नभएको \| २,०१,५५४ | २०१,५५४ |
| ४.५ | | | **लक्ष्य प्रगति**: कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन ।साथै सुत्रको खर्च बिवरण भिडान गर्दा चालुतर्फ कुल १७४ कार्यक्रममा ३१ वटाको शुन्य प्रगति देखिन्छ र पुजिगततर्फ १५७ कार्यक्रम मध्ये ४३ कार्यक्रममा २ वटा योजनाको शुन्य प्रगति देखिन्छ । बजेट खर्च गर्ने तर खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ । । | |
| ५ | | | **आन्तरिक नियन्त्रण** | |
| ५.१ | | | **आन्तरिक नियन्त्रण प्रणाली**ः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागू गर्नु पर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका व्यहोराहरु तपशिल वमोजिम रहेका छन ,<br>•. स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ,<br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा गाउपालिकाले आफ्नो अधिकार क्षेत्र भित्रका विषयमा स्थानीय स्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाईएन,<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा कार्यालयले गरेको देखिएन साथै कार्यालयले PAMS अनिवार्यरुपमा लागु गरेको देखिएन | |

| | | | | |
|---|---|---|---|---|
| | | | • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नु पर्नेमा तयार गरेको देखिएन,<br>• अधुरा आयोोजनाहरूको समिक्षा गरेको प्रमाण देखिएन,<br>• बैंक हिसाव मिलान गरेको देखिएन,<br>• कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै गाउपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नु पर्नेमा गाउपालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन,<br>· स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन,<br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखी रहेको पाईयो,<br>• जिन्सी निरीक्षण प्रतिबेदन पेश गरेको पाईएन । जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो,<br>• वडा कार्यालयमा रहेका जिन्सी सामान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन,<br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३को नियम ६क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको,<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरी निराकरणको प्रयास गरेको अभिलेख नराखेको,<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नु पर्नेमा सो अनुसार गरेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनु भन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन,<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन,<br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४ (२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन,<br>• सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ अनुसार यस वर्ष कार्य सम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन,<br>• पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन,<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय—व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन, | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको रहेकोमा रिक्त रहेको पाईयो,<br>• निजामती सेवा ऐन २०४९ वमोजिम कर्मचारीहरुको कार्य विवरण वनाई लागु गरेको पाईएन,<br>• पालिकामा आन्तरिक लेखापरीक्षण शाखा र कर्मचारी भएता पनि आन्तरिक लेखापरीक्षण भएको छैन,<br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नु पर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउपालिकाले एकिन गरी अध्यावधिक गरेको छैन ।<br>तसर्थ पालिकाले उपर्युक्तानुसारका बिषयहरूमा आवश्यक आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी कार्यान्वयन गरेर सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ५.२ | | | **सूचना प्रविधी पद्दतिः** सूचना प्रविधी नियन्त्रण वातावरणमा कार्यालयको कारोवारसङ्ग सम्बन्धित लेखापालन, अभिलेख, प्रतिवेदन लगायतका सूचना प्रविधिसङ्ग सम्बन्धित प्रणाली नियन्त्रण (application control), प्रवेश नियन्त्रण (access control) लगायतका विषय समावेश हुन्छन्। सूचना प्रविधी नियन्त्रण वातावरणको ब्यहोरा निम्न रहेको छ ।<br>१ .सफ्टवेयर म्यानुअलमा तोकिए अनुसार सेक्युरिटी प्रोटोकल र सुरक्षण विधी लागु गरी त्यसको अभिलेख म. ले. प. फाराम ९०३ मा राखेको देखिएन ।<br>२. सफ्टवेयर फेलरका वा अन्य असामान्य अवस्थामा भरपर्दो वैकल्पिक व्यवस्था गरेको देखिएन ।<br>३. कार्यालयमा २ प्रकारका सफ्टबेयर सिग्यास र सुत्रको प्रयोग गरेको कारण एकिकृर्त आर्थिक बिवरण तयार गर्ने म्यानुअलमा भर पर्नु पर्ने अवस्था रहेको पाइयो।<br>समग्र कारोवार एउटै सफ्टवेयरबाट नभएको कारण नगरपालिकाको वास्तबिक आय ब्यय निकाल्न समस्या देखिन्छ । | |
| ५.३ | | | **म.ले.प फारामले तोके बमोजिमका आन्तरिक नियन्त्रण पद्दतिः** सवारी साधन र मेशिनरी सञ्चालनका अभिलेखका लागि म.ले.प फारामको व्यवस्था गरिएको छ । यस सम्बन्धमा देखएका ब्यहोरा निम्न रहेका छन ।कार्यालयले म.ले.प. फाराम बमोजिम सवारी साधनको अभिलेख अधावधिक गर्न तर्फ ध्यान दिनु पर्ने देखिन्छ ।<br>• म. ले. प. फाराम ९०५ बमोजिम सवारी साधन सञ्चालन लगबुक आंशिक रूममा मात्र राखेको देखिन्छ ,<br>• म. ले. प. फाराम ९०६ बमोजिम त्यस्ता सवारी साधन र मेशिनरीको मर्मत अभिलेख राखेको देखिएन । | |
| ५.४ | | | **भ्रमण अभिलेख :** भ्रमण खर्च नियमावली २०६४ को नियम २१ मा भ्रमणमा खटिने कर्मचारीको भ्रमण प्रारम्भ गरे पछि सम्बन्धित कार्यालयले अनुसुचि ६ बमोजिम म.ले.प फारामको प्रयोग गरी अभिलेख राख्नु पर्ने व्यवस्था छ । यस कार्यालयले आर्थिक बर्ष २०७८।७९ | |

| | | | | |
|---|---|---|---|---|
| | | | भ्रमण गरेका कर्मचारीहरूको भ्रमण अभिलेख राख्ने र भ्रमण पश्चातको भ्रमण प्रतिबेदनलाई अनिवार्य गरेको देखिएन । यस तर्फ पालिकाले ध्यान दिनु पर्दछ । | |
| ५.५ | | | **बेरुजु लगतः** यस पालिकाले बेरूजु सम्बन्धि म. ले. प. फाराम ८०१ देखि ८०५ सम्मको प्रयोग गरेको देखिएन । अत पालिकाले म. ले. प. फारामको प्रयोग गरी बेरूजु अद्यावधिक गर्न तर्फ ध्यान दिनु पर्दछ । | |
| ६ | | | **बजेट तथा कार्यक्रम (स्थानीय तह)** | |
| ६.१ | | | **खर्च बिश्लेषण** –पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु ४२,८४,६९६।९०राजस्व बाँडफाँड र अनुदानबाट रु ४२,९९,७२,३८४।१० समेत र गत बर्षको अ. ल्या ९,०८,८९,८२४।६५समेत रु ५२,५१,४६,९०५।६५आम्दानी भएकोमा चालु तर्फ रु ३५,१७,२६,०८०।३० र पूँजिगत तर्फ रु १५,००,०४,०७०।०० समेत रु ५०,१७,३०,१५०।०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.८५ प्रतिशत रहेको छ । यस बर्ष पदाधिकारी सुबिधामा रू ७५,५९,५००।०० खर्च भएको छ जुन आन्तरिक आयको १७६.४३ प्रतिशत बढी रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७०.१३ प्रतिशत चालु र २९.८९ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनु पर्दछ । | |
| ६.२ | | | **क्षेत्रगत बजेट र खर्च -** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ । | |

| **मुख्य क्षेत्र** | **वार्षिक वजेट** | **खर्च रकम** | **खर्च प्रतिशत** |
|---|---|---|---|
| आर्थिक विकास | २,००२,९०० | १,७६,८४,७८३ | ३.५२ |
| सामाजिक क्षेत्र | २,४६६,६२,००० | २३,१९,२८,५३८ | ४६.२२ |
| पूर्वाधार विकास क्षेत्र | १,४४,६७५ | १०,१०,९७,९२१ | २०.१४ |
| वित्तीय व्यवस्थापन र सुशासन | १.००.९०.००० | ९९.००.८४९ | १.९७ |
| कार्य सञ्चालन तथा प्रशासनिक खर्च | १४,११,१८,०५९ | १४,११,१८,०५९ | २८.१२ |
| **जम्मा** | **५५,५५३५,०००** | **५०,१७,३०,१५०** | ९९।९७ |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक क्षेत्रमा सबैभन्दा बढी ४६.२२ प्रतिशत र वित्तीय व्यवस्थापन र सुशासनमा सबै भन्दा घटी १.९७ प्रतिशत खर्च रहेको छ ।

६.३

**खरिद व्यवस्थापनः** सार्वजनिक खरिद ऐन २०६३ को दफा ३ बमोजिम सार्वजनिक निकायले खरिद व्यवस्थापन गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद ऐनमा भएको व्यवस्था बमोजिम खरिद नियमावली तयार गरी लागु गर्नको लागि तीनवटै संघीय तहहरुलाई अधिकार दिइएको अवस्था छ । पालिकाले सार्वजनिक खरिद नियमावली बनाई लागु गरेको देखिएन । यस पालिकाको खरिद व्यवस्थापन सम्बन्धी निम्नानुसारको अवस्था रहेको छ ।

- खरिद गुरुयोजना तथा बार्षिक खरिद योजना बनाएको छैन,
- खरिद एकाइको गठन गरेको छ तर खरिद एकाइको प्रयोग गरी खरिद व्यवस्थापन गरेको देखिएन,
- एकिकृत रुपमा खरिद कार्य नगरी टुक्रे खरिद गरेको देखिन्छ,

यस्तो प्रकारको प्रवृत्तिले सार्वजनिक खरिद कार्य खुला पारदर्शि वस्तुनिष्ठ र विश्वसनिय हुन सक्दैन । यसर्थ पालिकाले सार्वजनिक खरिद कानुनमा भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयन गर्नु पर्दछ ।

-

६.४

**चौमासिक पूँजीगत खर्च**- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम त्रैमासिक विवरण बनाई पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक पुजिगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| सि.नं. | पूँजीगत खर्च शीर्षक | कुल खर्च | चौमासिक खर्च (रु.हजारमा) | | | आषाढ महिनाको मात्र खर्च |
|---|---|---|---|---|---|---|
| | | | प्रथम चौमासिक | दोस्रो चौमासिक | तेसोचौमासिक | |
| १ | पूँजीगत खर्च | १५०००३ | १००२९ | ३९५६७ | १००४०७ | ७९६२४ |
| | कूल खर्चः | १५०००३ | १००२९ | ३९५६७ | १००४०७ | ७९६२४ |
| | खर्च प्रतिशत | १०० | ६.६६ | २६.३७ | ६६.९९ | ५३.०८ |

वार्षिक कार्यक्रम अनुसार चौमासिक रुपमा खर्चको प्रकृति हेर्दा कुल खर्चमध्ये तेश्रो चौमासिकमा ६६.९९ र अषाढ महिनामा ५३.०८ प्रतिशत खर्च भएको देखियो । यसरी आर्थिक बर्षको अन्तमा खर्चको भार बढी हुँदा प्रशासनिक कार्यबोझ बढी हुने अनुगमन तथा निरीक्षण हुन नसकी कामको गुणस्तर कायम गर्न कठिनाई हुने भएकोले पालिकाले वार्षिक कार्यक्रम अनुसार समयमै कार्यक्रमहरु कार्यान्वयन तथा खर्च गर्नुपर्दछ ।

<table>
<tr><td>६.५</td><td></td><td></td><td>योजना र कार्यान्वयन–स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दीर्घकालीन प्रकृतिका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने व्यवस्था छ। कार्यालयले योजना छनौट गर्दा ऐनमा भएको व्यवस्था अनुरुप दीर्घकालीन प्रकृतिका ठुला योजना छनौट नगरी सानासाना र टुक्रे योजनामा ठुलो मात्रामा बजेट छुट्याएको अवस्था छ। साना तथा टुक्रे योजनामा वजेट विनियोजन गर्दा दिर्घकालीन उपलव्धी नहुँने हुँदा यस्ता कार्यमा नियन्त्रण गरी ठुला योजना छनौटलाई प्राथमिकतामा राखिनुपर्दछ । यस वर्ष छनौट भएका योजनाहरु देहायअनुसार छन्: ।
<table>
<tr><td>क्र. सं.</td><td>विवरण</td><td>योजना संख्या</td></tr>
<tr><td>१</td><td>रु १ लाख भन्दा कमको योजना</td><td>८</td></tr>
<tr><td>२</td><td>रु एक लाख एक देखि पाँच लाख सम्मका योजना</td><td>७</td></tr>
<tr><td>३</td><td>रु ५ लाख देखि १० लाख सम्मका योजना</td><td>२४</td></tr>
<tr><td>४</td><td>दश लाख एक देखि ५० लाख सम्मका योजना</td><td>९</td></tr>
<tr><td>५</td><td>५० लाख भन्दा माथीका</td><td>१९</td></tr>
<tr><td></td><td>जम्मा</td><td>६७</td></tr>
</table></td><td></td></tr>
<tr><td>७</td><td></td><td></td><td>राजश्व आम्दानिः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार स्थानीय तहले आन्तरिक आम्दानी हुने रकमहरूको नगदी रसिद कट्टी गरी त्यसलाई दैनिक आम्दानी किताबमा प्रविष्ट गरी तोकिएको समयमा बैङ्क दाखिला गर्नुपर्ने व्यवस्था रहेको छ। कार्यालयले आन्तरिक आय वापत रु. ४२८४६९६.९० आम्दानी गरेको विवरण पेश गरेकोमा राजश्व असूलीमा प्रयोग हुने रसिद छपाई, गत विगतका बाँकी रसीद र यो वर्ष खर्च तथा आगामी वर्षको लागि जिम्मेवारी सारेको अवस्था खुल्ने रसीद नियन्त्रण खाता अद्यावधिक गरेको नदेखिएकोले राजश्व असूलीमा प्रयोग हुने रसीद उपर्युक्त ढङ्गवाट प्रयोग भएको छ भन्न सकिने आधार भएन। प्राप्त राजश्व र प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा कार्यालयले परीक्षण भिडान गरेको पाइएन साथै राजश्व प्राप्त गर्दा प्रयोग गरिने म.ले.प. फारमहरु प्रयोग गरेको पनि छैन तसर्थ प्राप्त हुनुपर्ने राजश्व सम्बन्धमा यकिन हन सकिएन । आम्दानी जस्तो संवेदनशील विषयमा गम्भिर भई रसीदको प्रयोगलाई व्यवस्थित बनाइनुपर्दछ । कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुर्याउनुपर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>८</td><td></td><td></td><td>राजश्व दाखिला :</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा २८ बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ ।साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ९ वटा वडाबाट गाँउपालिकालाई प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको पाईएन। यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ ।कार्यालयले सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ । | |
| ९ | | | **प्रशासकिय संगठन तथा कर्मचारी व्यवस्थापनः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ। गाँउपालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ९८ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ४० जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार लेखा अधिकृत,जन स्वास्थ्य अधिकृत,पशु विकास अधिकृत,कृषि विकास अधिकृत पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ ।तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १० | | | **तलबी प्रतिवेदन पारित नभएको**<br>कोष तथा लेखा नियन्त्रक कार्यालयबाट तलवी प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा पालिकाले आ.व. २०७८/७९ को गाँउपालिका तर्फका ३० कर्मचारीहरुको रु १,३९,४८,४४८.० र स्वास्थ्यतर्फका १५ स्थाई कर्मचारीहरुको रु. ९३,२१,३१२.० तलवी प्रतिवेदन पारित नगरी खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत एकिन हुन सकेन ।तलबि प्रतिवेदन समयमै पारित गरि तलब भुक्तानी गर्नुपर्दछ । | |
| ११ | | | **करार कर्मचारीः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ।तर गाउँपालिकाले संगठन तथा व्यवस्थापन सर्भेक्षण बेगर विभिन्न पदमा २६ जना कर्मचारीहरु करारमा राखि ४०,०१,९२०/- खर्च लेखेको छ ।कार्यालयले कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा मात्र खर्च गर्नुपर्दछ । | |
| १२ | | | **वडा सचिवको पदपुर्तिः** | |

| | | | | |
|---|---|---|---|---|
| | | | पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालितत सेवा प्रवाहमा महत्वपुर्ण भुमिका रहेका वडा सचिवको दरबन्दी र पदपुर्ति अवस्था देहाय बमोजिम छ ।रिक्त पदहरुको पदपुर्ति गर्नु पर्दछ ।<br><br><table><tr><th>वडा संख्या</th><th>वडा सचिवको दरबन्दी</th><th>वडा सचिवको पदपुर्ति</th><th>रिक्त वडा सचिव</th></tr><tr><td>९</td><td>९</td><td>५</td><td>४</td></tr></table> | |
| १३ | | | **आर्थिक सहयोगः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि गाँउपालिकाले यस वर्ष त्यस्ता सुविधा २८ जनालाई रु. १५,०००/- देखि रु.५०,०००/-सम्म कुल रु.५,००,०००/- प्रदान गरेको छ ।आन्तरिक आय रु.४२८४६९६.९० भएकोमा आर्थिक सहायताको कुनै मापदण्ड र कार्यविधि नबनाई आन्तरिक श्रोतले खाम्ने गरी मात्र आर्थिक सहायत प्रदान गर्नुपर्दछ । | |
| १४ | | | **वडा सचिवलाई आर्थिक सहयोगः**<br>१०१/२०७८'९-८ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था नभएता पनि गाँउपालिकाले वडा सचिव मोहन सिंह ऐरलाई विना आधार वा प्रमाण कागजात प्रदान गरेको आर्थिक सहयोग नियम्मत नदेखिएको रु<br><table><tr><th>क्रम</th><th>कर्मचारीको नाम</th><th>असुली रकम</th></tr><tr><td>१४.१</td><td>मोहन सिंह ऐर</td><td>१,००,०००</td></tr></table> | १००,००० |
| १५ | | | **सम्पत्ति उपयोग र संरक्षण** | |
| १५.१ | | | **सम्पत्तिको लगतः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । अर्थ मन्त्रालयको मिति २०७३।१२।२५ को निर्णय अनुसार आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिकाको नाममा रहेको पेश्की तथा बेरुजू अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछर्यौट तथा बेरुजू सम्परीक्षण कार्य गर्नुपर्नेमा विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अद्यावधिक नगरेकोले उक्त व्यवस्थाको कार्यान्वयन गर्नु पर्दछ । | |

| | | | | |
|---|---|---|---|---|
| | | | | |
| १५.२ | | | **कोषको विवरणः** आर्थिक कार्यविधि एवं वित्तिय उतरदायित्व ऐन, २०७६ को परिच्छेद ४ को दफा २६ (१) अनुसार कोषको अभिलेख अद्यावधिक गरी सो को विवरण राख्ने जिम्मेवारी कार्यालय प्रमुखको रहेको छ। पालिकामा विविध कोष र प्रकोप व्यवस्थापन कोष गरी २ वटा कोषहरुको व्यवस्था गरेको छ। कोषको आय प्राप्तिको उपयोग गर्न तथा संचालन र व्यवस्थापनको लागि कार्यविधि बनाई व्यवस्थित गर्नुपर्दछ । | |
| १५.३ | | | **सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरणः** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको रेखदेख मर्मत सम्भार एवं संरक्षण गरी र अभिलेखलाई अद्यावधिक गर्नुपर्दछ । | |
| १६ | ४३० | २०७९-३-२५ | **छात्रवृत्ति अनुदानः**<br>४३०/२०७८'३-२५ पालिकाले गाँउसभाबाट मिति २०७७/१२/०३ मा स्विकृत छात्रवृत्ति सम्बन्धि कार्यविधि,२०७७ अनुसार सिगास गाँउपालिका वडा नं ७ घर भई हाल ढुंगाड स्वास्थ्य चौकीमा कार्यरत हे.अ. श्री हेमन्त सिंह साउदलाई कार्यविधि अनुरुप दरखास्त दिए पश्चात छात्रवृत्ति छनौट समितिबाट निर्णय भई छात्रवृत्ति प्रदान गर्ने निर्णय भएको र मिति २०७९/०२/१९ मा छात्रवृत्ति कोषबाट MBBS अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउन निजसंग सम्झौता गरेको पाईयो ।आ व ०७८/७९ को सिगास गाँउपालिकाको नीति तथा कार्यक्रम तथा बजेटमा रु १५,००,०००/- विनियोजित गरी छात्रवृत्ति वापतको रकम छात्रवृत्ति कोषमा जम्मा गर्ने निर्णय गरेको पाईयो ।स्थानीय तहले संभव भएसम्म आफ्नो कर्मचारीको क्षमता अभिवृद्धिको कामलाई राम्रो मानिएता पनि पालिकाको आन्तरिक आम्दानी रु ४२,८४,६९६.९ मात्र रहेकोमा रु १५,००,०००/- छात्रवृत्ति प्रदान गर्दा आन्तरिक आम्दानिको ३५ प्रतिशत छात्रवृत्ति रकममा नै खर्च हुने देखिन्छ। आन्तरिक आम्दानिको उच्चतम उपयोग,प्रभावकारिता र मित्व्ययितातर्फ कार्यालयले ध्यान दिनुपर्दछ । | |
| १७ | | | **कानून निर्माणको अवस्था**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । पालिकाले ६ वटा कार्यविधि र २ नियमावली निर्माण गरेको देखिन्छ । यद्यपी यस पालिकामा खरिद नियमावली तयार छैन । स्थानीय तहलाई उत्पादन र वितरणको केन्द्र तथा सुशासनको नमुना बनाउनको लागि आवश्यक कानुनको निर्माण गरी सोको समसामयिक संशोधन र सुधार गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्नु पर्दछ । | |
| १८ | | | **अनुदानको अनुगमन**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त | |

<table>
<tr><td></td><td></td><td></td><td>उपलव्धी मापन गरेको देखिएन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैनन् । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>१९</td><td></td><td></td><td>ठेक्काको अभिलेख खाता<br>सार्वजनिक निकायबाट भएको ठेक्का सम्बन्धी कामको अभिलेख खाता म ले प फा नं ५०६ बमोजिमको ढाँचामा र ठेक्का सम्बन्धीको गोश्वारा लगत मलेप फा नं ५०७ बमोजिमको ढाँचामा राख्नु पर्दछ । पालिकाले सो बमोजिक ठेक्काको अभिलेख राखेको पाइएन । ठेक्का सम्बन्धीको अभिलेखलाई अद्यावधिक राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>२०</td><td></td><td></td><td>विपद व्यवस्थापन कोषः</td><td></td></tr>
<tr><td>२०.१</td><td></td><td></td><td>समिति गठनः<br>विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन भएतापनि बैठक बस्ने बाहेक अन्य कार्य गरेको देखिएन ।</td><td></td></tr>
<tr><td>२०.२</td><td></td><td></td><td>विपद् व्यवस्थापनः<br>विपद् जोखिम् न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानिय तहमा विपद् व्यवस्थापन कोषमा रहने रकम भुक्तानी गर्ने गरेको देखिन्छ ।गाँउपालिकामा रहेको उक्त कोषमा गत बर्षको मौज्दात रु.२,९१,९७२.० रहेको र लेखापरीक्षणको क्रममा उक्त कोषबाट कुनै खर्च नभएको पाईयो ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>आन्तरिक आयको तुलनाः<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ ।पालिकाले आर्थकि वर्ष २०७८/७९ मा केन्द्रिय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छः
<table>
<tr><th>केन्द्रिय अनुदानबाट खर्च (रु हजारमा)</th><th>आन्तरिक आय(रु हजारमा)</th><th>आन्तरिक आय %</th></tr>
<tr><td>५०,१७,३०,१५०</td><td>४२८४६९६.९०</td><td>०.८५</td></tr>
</table></td><td></td></tr>
</table>

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रिय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.८५ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाले आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२२

**प्रधानमन्त्री रोजगार कार्यक्रम**

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामुदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ। लेखापरीक्षण गर्ने क्रममा पालिकाले यस कार्यक्रम कार्यान्वयन गर्दा देखिएका केहि प्रतिनिधि व्यहोराहरुः

• प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा १८(५) मा लाभग्राहीले अनिवार्य रुपमा बैंक खाता खोल्नुपर्ने तथा दफा २८ मा श्रमिकलाई रोजगार बापतको पारिश्रमिक भुक्तानी गर्दा बैंक खातामार्फत गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाले सन्चालन गरेका ४४ योजनाहरुमा १७ वटा योजनाहरुका श्रमिकहरुको ज्याला रकम बैंक खातामा जम्मा भएको र बाँकी योजनाहरुको ज्याला भुक्तानी गर्दा निर्देशिका विपरित उपभोक्ता समितिको खातामा जम्मा गरेकाले सम्वन्धित श्रमिकले ज्याला पाए नपाएको यकिन हुन सकने,

• समान कामको लागि पारिश्रमिकमा कुनै भेदभाव नगरिने मौलिक हकको व्यवस्था तथा श्रमिकबीच समान मूल्यको काम (इक्वयल भ्याल्यु अफ वर्क) को लागि पारिश्रमिकमा भेदभाव गर्न नहुने श्रम ऐन, २०७४ को मर्म छ। पालिकाले बैंक खातामा भुक्तानीको लागि पठाएको पत्रमा डोर हाजिर समान रहँदा पनि कम पारिश्रमिक उपलब्ध गराएको देखिन्छ। अतः पालिकाबाट भुक्तानी भएका ज्यालाहरु यकिन गरी कम ज्याला पाएकाहरुलाई उनिहरुको डोर हाजिरि अनुरुप ज्याला पाउने सुनिश्चित गरिनुपर्दछ। कम ज्याला पाएकाहरुका केहि प्रतिनिधि उदाहरणहरुः

| क्रम | योजनाको नाम | श्रमिक | पाउनुपर्ने रकम | पाएको रकम |
|---|---|---|---|---|
| १ | सामुदायिक स्वास्थ्य एकाई हुडै कम्पाउण्ड मर्मत सम्भार | कलमती बोहोरा | ५७७०० | ४१००० |
| | | जोगा बोहोरा | ५७७०० | ४१००० |
| २ | नौलो आवि विद्यालय कम्पाउण्ड योजना | कालो लुहार | ५७७०० | ३२९०० |
| | | शकरी साउद | ५७७०० | ३२८७७ |
| ३ | डाँडाबाघ मन्दिर कम्पाउण्ड निर्माण योजना | भान बहादुर रोकाया | ५७७०० | ४०८०० |
| | | कर्ण बहादुर रोकाया | ५७७०० | ४०८०० |

• निर्देशिकाको दफा ६८ बमोजिम रोजगार आयोजनाको लागि प्राप्त रकम पारिकश्रिकमा मात्र खर्च गर्नुपर्ने व्यवस्था भएपनि अन्य प्रयोजनहरुको लागि पनि खर्च गरेको देखिन्छ। त्यस्तै निर्देशिकाको दफा २७(२) रोजगारीको दिनका आधारमा मासिक रुपमा प्रत्येक

| | | | | |
|---|---|---|---|---|
| | | | महिनाको पाँच गतेभित्र अघिल्लो महिनाको पारिश्रमिक भुक्तानी गरिसक्नु पर्ने व्यवस्था भएपनि एकमुष्ट भुक्तानी गरेको देखिन्छ। यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका ४४ वटा कार्यक्रम सञ्चालन गरी ३२० जनालाई रोजगारी उपलब्ध गराई रु. १,८२,१०,५५९ खर्च गरेको छ। लक्षित वर्गलाई ९५ देखि १०० दिन रोजगारि उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखिएको छ। उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सिर्जना भएको देखिंदैन। | |
| २३ | | | **सशर्त कार्यक्रमतर्फ** | |
| २३.१ | | | **पदाधिकारी अनुगमन भत्ताः** सुदूरपश्चिम प्रदेशले जारी गरेको स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुबिधा सम्बन्धी ऐन, २०७५ को दफा १२ बमोजिम यस ऐनमा उल्लेख गरेको सुबिधा भन्दा बढी सुबिधा लिन नपाउने व्यवस्था रहेको छ । यस पालिकाका पदाधिकारी तथा कर्मचारीहरु समेतले पालिकाको बिभिन्न कार्यक्रममा अनुगमन/सहभागिता वा भ्रमण गरे बापत रु. १,००० को दरले कर कट्टी पछि रु. ८५० को दरले देहाय बमोजिम भुक्तानी भएको अनुगमन भत्ता रु. ३,८९,२१५ नियमसम्मत नदेखिएको रु. | ३८९,२१५ |

| भौ.नं.र मिति | विवरण | भुक्तानी रु. | कर पछिको रु. | कैफियत |
|---|---|---|---|---|
| १४३।०७८।१२।२५ | पालिकाका ५ जना पदाधिकारी | ३०००० | २५५०० | क्षमता अभिवृद्धि तालीममा अनुगमन गरे बापत |
| ३३१।०७९।३।२४ | पालिकाका ६ जना पदाधिकारी | ६५२०० | ५५४२० | घटनादर्ता सामाजिक सुरक्षा कार्यक्रममा अनुगमन गरे बापत ३ जना ५ र ३ जना ९ दिनको रु. १६०० को दरले |
| ३५४।०७९।३।२५ | पालिकाका ५ जना पदाधिकारी | २०७०० | १७५९५ | स्वयंसेविकाहरुको वार्षिक समिक्षा कार्यक्रममा अनुगमन गरे बापत |
| ३५६।०७९।३।२५ | पालिकाका ४ जना पदाधिकारी तथा कर्मचारी | ४३२०० | ३६७२० | पकेट विकास कार्यक्रमको स्थलगत अनुगमन गरे बापत |

| | | | | |
|---|---|---|---|---|
| ३५७।०७९।३।२५ | पालिकाका ४ जना पदाधिकारी तथा कर्मचारी | ४३२०० | ३६७२० | रैथाने बाली प्रवर्द्धन तथा विकास स्थलगत तालीमको अनुगमन गरे बापत |
| ३५८।०७९।३।२५ | पालिकाका ५ जना पदाधिकारी तथा कर्मचारी | ५९४०० | ५०४९० | कृषि उत्पादन पकेट विकास कार्यक्रमको अनुगमन गरे बापत |
| ३६८।०७९।३।२६ | पालिकाका ७ जना पदाधिकारी तथा कर्मचारी | ५३००० | ४५०५० | किशोर किशोरी तथा प्रजनन स्वास्थ्य कार्यक्रममा अनुगमन गरे बापत |
| २२८।०७९।३।१२ | पालिकाका ५ जना पदाधिकारी तथा कर्मचारी | ४३००० | ३६५५० | टाइफाइड खोप अभियान अन्तर्गत अनुगमन भत्ता |
| २३२।०७९।३।१२ | पालिकाका ३ जना पदाधिकारी तथा कर्मचारी | १४००० | ११९०० | पूर्ण खोप सुनिश्चितता कार्यक्रममा अनुगमन भत्ता |
| २३३।०७९।३।१२ | पालिकाका ३ जना पदाधिकारी तथा कर्मचारी | १२००० | १०२०० | क्षयरोगको वार्षिक समिक्षाको अनुगमन भत्ता |
| | पालिकाका ५ जना पदाधिकारी तथा कर्मचारी | २३२०० | १९७२० | क्षयरोगको अर्धवार्षिक समिक्षाको अनुगमन भत्ता |

| | | | | |
|---|---|---|---|---|
| २९९।०७९।३।२४ | पालिकाका ४ जना पदाधिकारी तथा कर्मचारी | २२००० | १८७०० | स्वास्थ्य सम्बन्धि कार्यक्रममा अनुगमन भत्ता |
| ३०७।०७९।३।२४ | पालिकाका ६ जना पदाधिकारी तथा कर्मचारी | २९००० | २४६५० | पोषण कार्यक्रममा अनुगमन भत्ता |
| जम्मा | | | ३८९२१५ | |

२३.२

**प्रमाण कागजात बेगर भुक्तानीः** प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ को नियम ३७ (२) अनुसार स्वीकृत कार्यक्रम अनुसारको रकम खर्च गर्नुपूर्व खर्चको अख्तियारी दिनेले खर्चको यथेष्ट प्रमाणका आधारमा मात्र खर्चको स्वीकृती दिनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसारको भुक्तानीहरु कैफियतमा उल्लिखित व्यहोरा देखियो । अतः बजेट खर्च गर्दा खर्चका यथेष्ट प्रमाणका आधारमा मात्र भुक्तानी दिई अनावश्यक खर्च नियन्त्रण गर्नु पर्दछ ।

| **क्र.सं.** | **भौ.नं.र मिति** | **नाम** | **विवरण** | **खर्च रकम रु.** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | ८७।०७८।११।३ | केशव सिंह साउद | गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम | १५९५०० | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| २ | १०२।०७८।११।२९ | भुवनेश्वरी मा.वि. | विज्ञान प्रयोगशाला निर्माण | ६५०००० | पालिकाबाट अनुगमन नभएको। |
| ३ | १०८।०७८।११।३० | बालकृष्ण मा.वि.न्वाघर | विज्ञान प्रयोगशाला | ६५०००० | पालिकाबाट अनुगमन नभएको । |
| ४ | १२९।०७८।१२।१६ | जनज्योती मा.वि.मसानीझाड, ज्ञानोदय आ.वि.पुतलीपुर | शुन्य दरबन्दी भएका विद्यालय | १६००००० | पालिकाबाट अनुगमन नभएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | २६१।०७९।३।१९ | जनज्योती मा.वि.मसानीझाड, ज्ञानोदय आ.वि.पुतलीपुर | शुन्य दरबन्दी भएका विद्यालय | ४००००० | पालिकाबाट अनुगमन नभएको । |
| ६ | १५५।०७९।१।१५ | नरेन्द्रपुर मा.वि., सिगास | पुस्कालय निर्माण | ६५०००० | पालिकाबाट अनुगमन नभएको । |
| ७ | १५६।०७९।१।१५ | अर्जुन मा.वि., गाँजरी | आई सि टि ल्याब | ६५०००० | पालिकाबाट अनुगमन नभएको । |
| ८ | १५७।०७९।१।१६ | महादेव मा.वि., सिगास | पुस्तकालय निर्माण | ६५०००० | पालिकाबाट अनुगमन नभएको । |
| ९ | २३०।०७९।३।१२ | लेक लुपण उ.मा.वि., गढ | आई सि टि अनुदान | ६५०००० | पालिकाबाट अनुगमन नभएको । |
| १० | २३४।०७९।३।१२ | घनश्याम बोहरा | स्वास्थ्य संस्थाको वार्षिक समिक्षा कार्यक्रम | १००००० | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| ११ | २७१।०७९।३।२२ | शिव मा.वि., गढतोला | पुस्तकालय निर्माण | ६५०००० | पालिकाबाट अनुगमन नभएको । |
| १२ | २८०।०७९।३।२२ | निलपाल आधारभूत विद्यालय,भुवनेश्वरी मा.वि., नरेन्द्रपुर मा.वि.,सरस्वती आधारभूत | कार्य सम्पादनमा आधारित प्रोत्साहन अनुदान | २५०००० | बील भरपाई नभएको । |

| | | | | | |
|---|---|---|---|---|---|
| | | विद्यालय र सिगास मा.वि. | | | |
| १३ | २८१।०७९।३।२२ | शारदा मा.वि. | उत्कृष्ट सिकाई अनुदान | २००००० | कार्यपालिकाको निर्णय पेश नभएको । |
| १४ | २८६।०७९।३।२३ | सागर भट्ट | कृषि पशुपन्छी तथा तथ्याङ्क अद्यावधिक कार्यक्रम | १००००० | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| १५ | २९२।०७९।३।२४ | कला कुमारी बोहरा | खानेपानी तथा व्यवहार प्रवर्द्धन कार्यक्रम र बहुक्षेत्रिय पोषण कार्यक्रम, | ३३७३६५ | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| १६ | २९९।०७९।३।२४ | जनक सिंह धामी | आँखा, कान, नाक, घाटि तथा मुख सम्बन्धी स्वास्थ्य कार्यक्रम | २००००० | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| १७ | ३०६।०७९।३।२४ | बल बहादुर वि.क. | बहुक्षेत्रिय पोषण कार्यक्रम | ४०१५०० | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| १८ | ३१९।०७९।३।२४ | हेमन्त सिंह साउद | पोषण विशेष कार्यक्रम | १७२२१० | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| १९ | ३५४।०७९।३।२५ | घनश्याम बोहरा | परिवार नियोजन कार्यक्रम | १६४००० | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |
| २० | ३६४।०७९।३।२५ | घनश्याम बोहरा | सक्रिय क्षयरोग खोज पडताल कार्यक्रम | १३६३०० | कार्यक्रमको नर्मस सहितको लागत अनुमान र प्रतिवेदन नभएको । |

२३.३ **वितरण गरेको भरपाई पेश नभएको:** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (१०) बमोजिम खर्च लेख्दा खर्चको बील भरपाई सहित लेखा राख्नु पर्ने व्यवस्था छ । देहाय अनुसारको कार्यक्रममा वितरण गरेको भरपाई पेश नभएकोले भरपाई पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट रु. ५६६२६० असूल गरी दाखिला गर्नुपर्ने रु. ५६६,२६०

| **भौ.नं.र मिति** | **विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १३१।०७८।१२।१२ | होजियरी मेसिन | ५८५०० | ३ वटा वितरण गरेको भरपाई पेश नभएको । |
| २११।०७९।३।७ | मौरी घार | १२०००० | १२ वटा वितरण गरेको भरपाई पेश नभएको । |
| ३३५।०७९।३।२४ | अफलाईन श्रव्य दृश्य शिक्षण सिकाई सामाग्री कक्षा ६ देखि १० को | ३४९६०० | २३ वटा विद्यालयले बुझेको भरपाई पेश नभएको । |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>३४९।०७९।३।२५</td><td>पुस्तक</td><td>३८१६०</td><td>७२ वटा पुस्तक वितरण गरेको भरपाई पेश नभएको ।</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>५६६२६०</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२३.४</td><td></td><td></td><td>
घटि कर कट्टिः आयकर ऐन, २०५८ को दफा ८७, ८८ र ८९ बमोजिम बीलको भुक्तानीमा अग्रिम कर कट्टि गर्नुपर्ने व्यवस्था छ । देहायका भुक्तानीमा भ्याटमा दर्ता नभएका तथा रु. २० हजार भन्दा बढी कारोवारमा १५ प्रतिशतका दरले अग्रिम कर कट्टी गर्नुपर्नेमा १.५ प्रतिशतको दरले कर कट्टि गरेकोले उक्त कर रु. ६७५० असूल गरी दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं.मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>कर कट्टि गर्नुपर्ने</th><th>कर कट्टि भएको</th><th>घट्टि कर असूल हुनुपर्ने रु.</th></tr>
<tr><td>४७।०७८।९।१२</td><td>चेतना खबर</td><td>२५०००</td><td>३७५०</td><td>३७५</td><td>३३७५</td></tr>
<tr><td>४८।०७८।९।१२</td><td>आलीताल मिडिया प्रा.लि.</td><td>२५०००</td><td>३७५०</td><td>३७५</td><td>३३७५</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>६७५०</td></tr>
</table>
</td><td>६,७५०</td></tr>
<tr><td>२३.५</td><td></td><td></td><td>कोभिड १९ प्रभावित राहत खर्चः कोभिड १९ को महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि, २०७८ अनुसार लाभग्राहीको खाता खोली मात्र लाभग्राहीको खातामा अधिकतम रु. १०,००० सम्म नगद राहत रितपूर्वकको लाभग्राही छनौट गरी पालिकाले ५६४ जनाको खातामा पठाउनु पर्ने व्यवस्था छ । पालिकामा ५६४ जनालाई जम्मा रु. ५६,४०,००० लाभग्राहीको खातामा पठाएकोमा ७७ जनाको मात्र लेखापरीक्षण अवधिसम्म खाता खोली बैङ्कमा जम्मा भएको तथा बाँकी ४८७ जनाको रु. ४८,७०,००० समेत लाभग्राहीको खातामा गएको प्रमाण पेश हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२३.६</td><td></td><td></td><td>न्यानो झोला वितरणः पालिकाभित्र अस्पताल तथा स्वास्थ्य चौकीमा सुत्केरी भएका आमा तथा नवजात शिशुलाई न्यानो झोला वितरण गर्ने कार्यक्रम रहेकोमा यो वर्ष पालिकाले भौ.नं. १६१।०७९।१।१९ बाट ५०४ वटा ८७७.८७ को दरले रु. ४,९९,९६४ र भौ.नं. ३७२ २०७९।३।३१ बाट ५०४ वटा न्यानो झोला रु. ८७७।७७ का दरले रु. ४,९९,९६४ मा खरिद गरेकोमा स्वास्थ्य सेवा विभाग परिवार महाशाखाबाट निर्देशन गरे बमोजिमको स्पेशिफिकेशन अुनसार झोला भए नभएको प्रमाणित गरेको नदेखिदा झोला गुणस्तरीय छ भन्न सक्ने अवस्था देखिएन । साथै न्यानो झोला खरिद बर्थिङ्ग सेन्टरमा हुने अनुमानित सुत्केरी संख्याको आधारमा खरिद गर्नुपर्नेमा सो गरेको देखिएन । साथै कार्यालयले आ.व.०७८।७९ को सुत्केरी संख्या र न्यानो झोलाको मौज्दात विवरण राखेको पाइएन । तसर्थ, निर्देशिकाले तोके अनुसारको अनुमानित सुत्केरी संख्या र गुणस्तरको झोला यकिन गरी खरिद गर्नुका साथै लाभग्राहीलाई समयमै वितरण</td><td></td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| | | | गर्नुपर्दछ । कति न्यानो झोला वितरण गरी बाँकी मौज्दात कति छ भने विवरण प्राप्त नभएको अवस्थामा सम्बन्धित व्यक्ति तथा स्वास्थ्य संस्थालाई न्यानो झोला वितरण गरेको भरपाईको साथै पाउनेको सम्पर्क सहितको अभिलेख राखनु पर्दछ। | |
| २३.७ | २६९ | २०७९-३-२१ | **छात्रवृति अनुदानः** विपन्न लक्षित छात्रवृति कार्यन्वयन मापदण्ड, २०७८ अनुसार विपन्न लक्षित विद्यार्थीलाई सम्बन्धित पालिकाले फारम भराई छात्रवृतिको लागि पेश गर्नुपर्ने व्यवस्था अनुसार यस पालिकाको लागि छनौट भएका विपन्न लक्षित विद्यार्थीको विद्यालय श्री शारदा मा.वि.को कक्षा ९ देखि १२ सम्मका २१ जना लाई अनुदान रु. ५,४०,००० उक्त विद्यालयको खातामा भुक्तानी गरेकोले सो विद्यार्थी छनौट भएको नामावली सहितको विवरण पेश भएको पाइएन । अतः छात्रवृतिमा छनौट भएका विद्यार्थीको नामावली र भरपाई पेश हुनु पर्दछ । | |
| २३.८ | | | **सामाजिक सुरक्षा कर कट्टि नगरेकोः** स्वास्थ्य कार्यक्रम निर्देशिका, २०७८ बमोजिम महिला स्वयंसेविकालाई पोशाक भत्ता बापत रु. १०,००० भुक्तानी गर्दा भुक्तानीमा सामाजिक सुरक्षा कर १ प्रतिशतले कर कट्टि गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले ७१ जना महिला स्वयं सेविकालाई रु. १०,००० को दरले रु. ७,१०,००० पोशाक भत्ता भुक्तानी गर्दा १ प्रतिशतले हुने रु. ७१०० सामाजिक सुरक्षा कर कट्टि नगरेकोले उक्त रकम असूल गरी दाखिला गर्नुपर्ने रु. | ७,१०० |
| २४ | | | **कृषितर्फ**<br>५० प्रतिशत अनुदानमा कृषि कार्यक्रम | |
| २४.१ | | | भौ.नं. ३५७।०७९।३।२५, कृषि कार्यक्रमको लागि रु. ६,७६,४२९ पालिकाबाट भुक्तानी भएकोमा धान १७६० के.जी. र मकै १९१० के.जी. वितरणको आधार, कार्यक्रमको लागत अनुमान यकीन नभएको, कृषकको प्रगति विवरण तयार नभएको, कार्यक्रमको नर्मस पेश नभएको तथा पालिकाबाट अनुगमन नभएको कार्यक्रम प्रभावकारी मान्न सकिएन । | |
| २४.२ | | | भौ.नं. ३५६।०७९।३।२५, साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रममा रु. ७,२३,२०० पालिकाबाट भुक्तानी भएकोमा उक्त कार्यक्रमको लागत अनुमान यकीन नभएको, कृषकको प्रगति विवरण तयार नभएको, कार्यक्रमको नर्मस पेश नभएको, अनुगमन तथा वितरणको आधार पेश नभएको कार्यक्रम प्रभावकारी मान्न सकिएन। | |
| २४.३ | | | भौ.नं. ३०।०७८।८।१४, कृषि पटेक कार्यक्रम ५०।५० अनुदानमा मकै पटेक क्षेत्रका लागि पहरौल बहुउद्देश्यीय संस्थालाई कार्यालयबाट अनुदान रु. २,००,००० भुक्तानी दिएकोमा सम्झौता अनुसार उक्त कार्यक्रमको सार्वजनिक सुनुवाई, कृषकको प्रगति विवरण र पालिकाबाट अनुगमन लगायतको विवरण नभएको उक्त कार्यक्रम पारदर्शी एवं प्रभावकारी मान्न सकिएन । | |
| २५ | | | **सुरक्षित नागरिक आवास**<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। पालिकाले यस कार्यक्रम अन्तर्गत लाभग्राहीलाई अनुदान रकम वितरण गरिएको तर निम्नलिखित लाभग्रहीको बुझिलिएको प्रमाण नभेटिएकाले पालिकाले बुझिलिएको प्रमाण पेश गर्नु पर्ने रु. | १५७,३६३ |

<table>
<tr>
<td></td>
<td></td>
<td></td>
<td>
<table>
<tr><td>मिति</td><td>भौचर नं</td><td>नाम</td><td>चेक नं</td><td>भुक्तानी रकम</td><td>कैफियत</td></tr>
<tr><td rowspan="2">२०७८।११।१८</td><td rowspan="2">४३</td><td>गोपाल सिंह ढाँट</td><td>२४६७०२६०</td><td>१९६७७</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td>जनक सिंह धामी</td><td>२४६७०२६१</td><td>१९६७६</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td rowspan="2">२०७८।११।१२</td><td rowspan="2">५०</td><td>गणेश नेपाली</td><td>२४६७३७०१</td><td>१९७०७</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td>तिलक चुनारा</td><td>२४६७३७०२</td><td>१९७०८</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td>२०७८।११।२९</td><td>५१</td><td>मिना चुनारा</td><td>२४६७३७०४</td><td>१९७४५</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td>२०७८।११।२९</td><td>५२</td><td>घनश्याम सिंह धामि</td><td>२४६७३७०५</td><td>१९४९६</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td rowspan="2">२०७९।१।११</td><td rowspan="2">६६</td><td>कालु कामी</td><td>२४६७३७५१</td><td>१९६७७</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td>दिपा कामी</td><td>२४६७३७५२</td><td>१९६७७</td><td>बुझि लिएको प्रमाण नभेटिएको</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>१,५७,३६३</td><td></td></tr>
</table>
साथै लाभग्राहीसँग गरिएका सम्झौता, लागत अनुमान, कार्य सम्पन्न प्रतिवेदन, कार्य सम्मपत्र भए पछीको फोटोहरु लगाएका आवश्यक कागजपत्र पेश नभएकाले बास्तविक काम र खर्च यकिन गर्न सकिएन।
</td>
<td></td>
</tr>
<tr>
<td>२६</td>
<td></td>
<td></td>
<td>गरिबसँग विश्वेश्वर कार्यक्रम<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावलि, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भरपाई, कागजात र प्रमाण हुनुपर्ने व्यवस्था छ। पालिकाले यस कार्यक्रम अन्तर्गत टमाटर, मुला, काउली लागायतका विभिन्न तरकारीहरुका वीउ विजन खरिद गरेको भएपनि वितरण भरपाई नभएकाले वितरण भरपाई पेश गर्नु पर्ने रु.</td>
<td>१९९,५०८.७५</td>
</tr>
</table>

<table>
<tr><td>२७</td><td></td><td></td><td>सशर्त पुजिगत</td><td></td></tr>
<tr><td>२७.१</td><td></td><td></td><td>बिद्यालय निमार्णः रास्ट्रिय योजना आयोगबाट स्वीकृत वार्षिक कार्यक्रम तथा विभागद्धारा प्रकाशित कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ बमोजिम कार्यालयले कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । त्यसरी नै आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७७ मा आर्थिक वर्षको अन्तसम्ममा काम सम्पन्न नभई केवल बजेट फ्रिज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटीमा राख्न नहुने उल्लेख छ । कार्यालयले राष्ट्पति शैक्षिक सुधारकार्यक्रममा निम्न विद्यालयहरुको खातामा विभिन्न कार्यक्रम संचालनका लागि रु ४८६००००।०० निकासा गरेको र तत्कालै कतिपय कार्यक्रमको कार्यक्रम संचालन गर्न रोक्का समेत राखेको र हालसम्म पनि रोक्का अवस्थामा नै रहेको देखियो । यसरी वार्षिक कार्यक्रम अनुसार कार्यक्रम सम्पन्न नगरी विल भरपाई कार्य सम्पन्न प्रतिवेदन वेगर बजेट कार्यक्रम खर्च लेख्ने व्यक्तिलाई जिम्मेवार बनाई कार्य सम्पन्न प्रतिबेदन पेश गर्नु पर्ने देखिएको रू
<table>
<tr><th>सि न</th><th>बिद्यालयको नाम</th><th>कार्याक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>सिगास प्रा. बि भोती</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>५,४०,०००</td></tr>
<tr><td>२</td><td>सिगास प्रा.बि. टकरे</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>५,४०,०००</td></tr>
<tr><td>३</td><td>केदार आ. बि.</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>५,४०,०००</td></tr>
<tr><td>४</td><td>जनाधार आ. बि.</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>५,४०,०००</td></tr>
<tr><td>५</td><td>कैपाल आ. बि.</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>५,४०,०००</td></tr>
<tr><td>६</td><td>शिवशंकर आ. बि.भगवती प्रा. बि.</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>५४००००</td></tr>
<tr><td>७</td><td>उदय मा. बि.</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>१०,८०,०००</td></tr>
<tr><td>८</td><td>जनशक्ती आ. बि.</td><td>बिधालय कक्षा कोठा निर्माण</td><td>५,४०,०००</td></tr>
<tr><td></td><td></td><td>जम्मा</td><td>४८६००,००</td></tr>
</table></td><td>४,८६०,०००</td></tr>
<tr><td>२७.२</td><td></td><td></td><td>अनुदान ब्यवस्थापनः कार्यक्रम कार्यान्यिन पुस्तिका २०७८।७९ मा भएको ब्यवस्था अनुसार स्थानिय तहले अनुदान प्राप्त बिधालयले निधारित मापदण्ड र प्रकिया अनुरुप गरे नगरेको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्रमा पठाउने ब्यवस्था छ । यस गाउपालिकाले आ.वा. २०७८।७९मा अनुदान दिएका निम्न बिधालयमा कार्यक्रम वापत दिएका अनुदान रकम कार्यक्रम कायान्वयन भए ,नभएको बारेमा अनुगमन गरेको पुष्टि गर्ने अनुगमन प्रतिवेदन देखिएन । अत बिधालयमा गएको अनुदान</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>रकम प्रभावकारी रुपमा कायान्वयन भएको छ भन्ने बिश्वस्त हुने आधार देखिएन । पालिकाले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख गरेको ब्यवस्था बमोजिम अनुगमन प्रतिबेदन पेश गर्नु पर्दछ ।
<table>
<tr><th>सि.न.</th><th>बिद्यालयको नाम</th><th>कार्यक्रमको नाम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>पञ्चोदय मा.बि. सिगास</td><td>IT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>२</td><td>अर्जुन मा. बि. गाजरी</td><td>IT ल्याब स्थापना</td><td>६५००००</td></tr>
<tr><td>३</td><td>अर्जुन मा.ब. गाजर</td><td>प्राबिधिक धार</td><td>२८०४०००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>२७.३</td><td></td><td></td><td>सार्वजनिक परीक्षण - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रद्र्न गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>औषधी खरिद<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १ (क) मा बिस लाख रुपैयाँसम्मको औषधीजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर निम्नानुसार रु. २४,१२,८९२ का औषधी सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः
<ul>
<li>खरिद गरेका उक्त औषधी कुन औषधी कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,</li>
<li>आपूर्ति हुने औषधी डव्लु.एच.ओ. सर्टिफइड हुनुपर्ने औषधीको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधी बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,</li>
<li>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधीको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।</li>
<li>औषधीको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,</li>
<li>औषधीको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट घटाउने गरेको ।</li>
</ul>
</td><td>•</td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>

- तसर्थ, औषधीको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधी प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधीको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधीहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

</td><td></td></tr>
<tr><td>२९</td><td></td><td></td><td>स्यानिटरी प्याड</td><td></td></tr>
<tr><td>२९.१</td><td></td><td></td><td>

स्यानिटरी प्याडः सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई महिनावारीका समयमा आवश्यक पर्ने स्यानिटरी प्याड निःशुल्क उपलब्ध गराउन निम्न बमोजिम ठेक्का गरी भुक्तानी गरेको छः

<table>
<tr><th>भौ.नं.र मिति</th><th>विवरण</th><th>रकम रु.</th><th>कैफियत</th></tr>
<tr><td>३५५।०७९।३।२५</td><td>युनिभर्सल लाइफ केयर प्रा.लि.</td><td>१६,१५,८८३</td><td>३४७९० प्याड ४१.१० को दरले</td></tr>
</table>

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ (१) मा सार्वजनिक निकायले एक लाख रुपैंया भन्दा बढि रकमको मालसामान, परामर्श सेवा वा अन्य सेवा खरिद गर्दा तोकिए बमोजिम लागत अनुमान तयार गरी स्वीकृत गर्नुपर्ने व्यवस्था छ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा नियम ९ र सम्बन्धित मालसामानको स्पेसिफिकेसनको अधिनमा रही लागत अनुमान तयार गर्नुपर्ने, लागत अनुमान तयार गर्दा अघिल्ला वर्षहरुमा खरिद गर्दा लागेको मूल्य, स्थानीय बजारको प्रचलित दरभाउ, अन्य बजारको प्रचलित दरभाउ र मालसामान आपूर्ति गर्ने स्थानसम्म लाग्ने अनुमानित ढुवानी खर्च र उद्योग वाणिज्य संघले जारी गरेको दररेटको आधारमा तयार गर्नुपर्ने व्यवस्था छ । कार्यालयले स्यानिटरी प्याडको स्पेसिफिकेशन खोली लागत अनुमान तयार गरेको कुनै आधार खुलाएको छैन् । स्यानिटरी प्याड( वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को अनुसूचि १ बमोजिम भए नभएको परीक्षण गरी प्रतिवेदन प्राप्त भएको छैन् । नियमावलीमा भएका व्यवस्थाहरुको पालना नगरी आधार नखुलाई लागत अनुमान तयार गर्दा सार्वजनिक खरिद मितव्ययी, पारदर्शी हुन नसक्ने भएकाले नियमावलीमा भएको व्यवस्था अपनाई लागत अनुमान तयार गर्नु पर्दछ ।

</td><td></td></tr>
<tr><td>२९.२</td><td></td><td></td><td>

कार्य सम्पादन जमानत बेगरको सम्झौंताः सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा ४ बमोजिम सार्वनिक खरिद कार्यको लागि छनौंट भएको बोलपत्रदाताले कार्य सम्पादन जमानत पेश गरी सम्झौंता गर्नु पर्ने तथा यसरी जमानत पेश गर्दा बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबोल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशत भन्दा बढी जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्कको पाँच प्रतिशतमा थप गरी कार्य सम्पादन जमानत वापत दाखिला गर्नु पर्ने व्यवस्था छ । ठे. नं. SRM/NCB/LLSB-01-2078/79 सेनेटरी प्याड खरिद कार्यको लागि छनौंट भएको युनिभर्सल लाइफ केयर प्रा.लि., काठमाण्डौंको कार्य सम्पादन जमानत बेगर नै कार्यालयले सम्झौंता गरेको छ । यस्तो प्रकारको कानुनी उल्लंघन गर्ने कार्यले आर्थिक अनुशासन तथा सुशासनको अवस्थालाई कमजोर बनाउँदछ । यसतर्फ पालिकाले ध्यान दिनु जरुरी छ । सो कार्यको सम्झौता रकम रु १६,१५,८८३.०० रहेकोमा आवश्यक कार्य सम्पादन जमानत रकम रु.८०,७९४.१५ संलग्न हुनुपर्ने रु.

</td><td>८०,७९४.१५</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| २९.३ | | | **स्यानिटरी प्याड वितरण नगरेको :** सामूदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका छात्राहरुलाई वितरण नगरी स्टोरमा मौज्दात राखेको पाइयो । रु. १६,१५,८८३ को ३४७९० थान स्यानिटरी प्याड गुणस्तरमा असर नपर्ने गरी स्यानिटरी प्याड भण्डरण गर्नुपर्ने र सम्बन्धित विद्यालय मार्फत् वितरण गरेको प्रमाण पेश गर्नुपर्ने रु. | १,६१५,८८३ |
| ३० | | | **शिक्षातर्फ** | |
| ३०.१ | | | **शिक्षक दरबन्दी र पदपूर्ति:-** स्थानीय तह अन्तर्गत रहेका ६२ सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनु पर्दछ। यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ६२ सामुदायिक विद्यालयहरुको १०२ वटा स्थायी शिक्षक, ५५ वटा राहत शिक्षक र ९९ वटा नीजि शिक्षकको दरबन्दी रहेकोमा स्थायी अन्तर्गत ६७ स्थायी शिक्षक तथा ३५ करार शिक्षक गरी १०२ वटा, राहत अन्तर्गत ५५ वटा राहत शिक्षक र नीजि अन्तर्गत ९९ वटा नीजि शिक्षक पदपूर्ति भई पदपूर्ति मध्ये ३५ जना करारका शिक्षक रहेका छन् । जम्मा विद्यार्थी संख्या ८१४२ को विद्यार्थी र शिक्षक अनुपात १ शिक्षकमा ३२ जना विद्यार्थी रहेका छन् । यसरी पालिकाले नीजि तथा करार शिक्षकको संख्या घटाई स्थायी शिक्षकको दरबन्दी तथा पदपूर्तितर्फ ध्यान दिनु पर्दछ । | |
| ३०.२ | | | **शिक्षकको तलब भत्ता निकासाः** यस वर्ष शिक्षातर्फ ६२ सामूदायिक विद्यालयलाई भौ.नं. २।०७८।६।२३ बाट रु. ३,२१,७७,५७९.८०, भौ.नं. १००।०७८।११।२६ बाट रु. २,५८,२९,६९२, गो.भौ.नं. २५८।०७९।३।१५ बाट रु. २,०२,१५,८४६ र गो.भौ.नं. ३३२।०७९।३।२४ बाट रु. ९२,४६,१०४ समेत जम्मा रु. ८,७४,६९,२२२ तलब भत्ता खर्च निकासा गरेको छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम रहेका छन्: | |
| ३०.३ | | | **शिक्षक अभिलेखः** पालिकाले पालिकाभित्र रहेका विद्यालयहरुको स्वीकृत दरबन्दी (राहत, करार समेत) विद्यालयमा शिक्षक पदपूर्तीको अवस्था, सरुवाको विवरण, अवकाश विवरण तयार नगरेकोले निकासा भएको रकम वास्तविक भए/नभएको भिडान गर्न सकिएन । कार्यालयले विद्यालयबाट पेश गरेको माग फारामलाई मात्र आधार लिई तलब निकासा दिएको देखिएको हुँदा शिक्षक सरुवा, अवकाश भए पश्चात पनि रकम निकासा नभएको भनि भिडान गर्न नसकिएकोले अभिलेख तयार गर्नु पर्दछ । | |
| ३०.४ | | | **सामुदायिक बिद्यालयको गुणस्तरः** सामुदायिक बिद्यालयहरुको शैक्षिक गुणस्तर स्थितिको नियमित रुपमा अनुगमन गरी सो को एक प्रति प्रतिबेदन शिक्षा तथा मानवस्रोत केन्द्र पठाउने र सो को कार्यान्यवन गरी बिद्यालयमा शैक्षिक गुस्तर सुधार गर्ने ब्यवस्था छ । यस पालिकाले आ.वा. २०७८।७९ मा बिद्यालयको शैक्षिक गुणस्तरको बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । अतः पालिका कार्यालयले बिद्यालयहरुको शैक्षिक गुणस्तर सुधारतर्फ ध्यान दिनु पर्ने देखिन्छ,। | |
| ३०.५ | | | **विद्यालयगत निकासा खाता :** कार्यालयले प्रत्येक विद्यालयको स्थायी दरबन्दी मिलान शिक्षा नियमावलीले व्यवस्था गरे अनुसार विद्यालयगत शिक्षकको दरवन्दी मिलान गर्नुपर्नेमा यस पालिका कार्यालय सग जिल्ला शिक्षा इकाइ कार्यालयले उपलब्ध गराएको विवरण अनुसार प्रा.वि., नि.मा.वि. मा.बि.मा राहात समेत गरी ६२ वटा बिद्यालयमा जम्मा २५६ जना दरबन्दी मौज्दात देखिएतापनि पालिकाले विद्यालयको अवस्था, विद्यार्थीकोअवस्था र विद्यार्थीको संख्या यकिन गरी दरवन्दी मिलान गरेको देखिएन । अतः यसरी दरवन्दी मिलान वेगर पालिकाले गरेको शिक्षकहरुको सरुवालाई विश्वसनीय छ भन्न सक्ने अवस्था र शिक्षक तलबको लागी निकासा दिएको रु.८,७४,६९,२२२ वास्तविक | |

<table>
<tr><td></td><td></td><td></td><td>खर्च हो भनी यकिन गर्न सकिएन । स्थायी, अस्थायी दरबन्दी र राहत कोटामा कार्यरत शिक्षकहरुको नाम, नियुक्ति मिति,तलव ग्रेड र विद्यालयलाई निकासा जाने सवै रकमहरु देखिने गरी विद्यालयगत निकासा खाता अद्यावधिक गरेको देखिएन । यसरी निकासाका रुपमा जाने तलव,भत्ता र विभिन्न अनुदान रकमहरुको विद्यालयगत स्थिती स्पष्ट हुन सकेन । अतः विद्यालयलाई जाने सवै रकमहरु देखिने गरी सफ्टवेयरमा प्रविष्टि गरी विद्यालयगत रकम निकासाको एकिकृत अभिलेख तयार गरिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.६</td><td></td><td></td><td>नीजि विद्यालयको शुल्क निर्धारणः नीजि बिद्यालयहरुको शुल्क निधारण स्थितिको अनुगमन प्रतिबेदन तयार गरी शुल्कको बारे एकिन गरी बिद्यालयको शुल्कमा सुधार गरी शैक्षिक सुधार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले आ.वा. २०७८।७९ मा बिद्यालयको शुल्क निधारण बारे अनुगमन गरेको प्रतिबेदन कार्यालयसंग देखिएन । अतः पालिका कार्यालयले आफनो अन्तर्गतका बिद्यालयहरुको शुल्क निधारण बारे अनुगमन गरी एकरुपता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.७</td><td></td><td></td><td>स्वयंसेवक शिक्षकः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ (ज) बमोजिम स्थानीय तहलाई दिएको शिक्षा सम्बन्धी अधिकारमा पालिकालाई विद्यालयमा दरबन्दी सिर्जना गर्ने तथा शिक्षक नियुक्ती गर्ने अधिकार दिएको देखिदैंन । पालिकाले बिभिन्न विद्यालयमा आफैं दरबन्दी सिर्जना गरी ६० विद्यालयको लागि स्वयंसेवक शिक्षक नियुक्ति गरी छुट समेत गरी जम्मा रु. २,६१,७३,३३३ खर्च लेखेको छ । नियममा भएको व्यवस्थाको पालना हुनु पर्दछ ।</td><td></td></tr>
<tr><td>३०.८</td><td></td><td></td><td>शिक्षकको ग्रेड बढी निकासाः शिक्षा नियमावली, २०५९ को नियम १७९ बमोजिम कुनै कामको लागि आवश्यकता भन्दा बढी रकम माग गर्ने र निकासा नदिने व्यवस्था छ। पालिकाले देहाय बमोजिम शिक्षकको ग्रेड रकम बढी निकासा रु. ३२२८० संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रु.
<table>
<tr><th>क्र.सं.</th><th>विद्यालयको नाम</th><th>शिक्षकको नाम</th><th>ग्रेड रकम</th><th>ग्रेड बढी निकासा अवधिक</th><th>बढी निकासा</th></tr>
<tr><td>१</td><td>शिवलिङ्ग मा.वि.,बगरबौलाडी</td><td>हिरासिंह धामी (प्रा.वि.तृतिय)</td><td>९५४</td><td>२०७८ श्रावण देखि २०७८ चैत्र मसान्तसम्म</td><td>९५४०</td></tr>
<tr><td>२</td><td>सिगास उ.मा.वि.,रक्सौन बैतडी</td><td>उदय सिंह साउद (प्रा.वि.द्वितिय)</td><td>१००७</td><td>२०७८ श्रावण देखि २०७८ चैत्र मसान्तसम्म</td><td>१००७०</td></tr>
<tr><td>३</td><td>अर्जुन उ.मा.वि.,गाजरी</td><td>रनविर सिंह धामी (मा.वि.तृतीय)</td><td>१२६७</td><td>२०७८ श्रावण देखि २०७८ चैत्र मसान्तसम्म</td><td>१२६७०</td></tr>
<tr><td colspan="5">जम्मा</td><td>३२२८०</td></tr>
</table></td><td>३२,२८०</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ३०.९ | | | **शैक्षिक व्यवस्थापन सूचना प्रणाली (EMIS) :** कार्यक्रम कार्यान्वयन पुस्तिका (आ. व. २०७८।७९) मा EMIS (इमिस) मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन (भिडान) गराइ शिक्षा अधिकृतबाट प्रमाणित गरी सो को आधारमा विद्यालयहरुलाई छात्रा छात्रवृत्ती र दलित छात्रवृत्ती (कक्षा १-८) प्रति विद्यार्थी वार्षिक रु. ४००। का दरले, शिक्षण सिकाइ सामाग्री तथा बुक कर्नर व्यवस्थापनका लागि कक्षा १-५ प्रति विद्यार्थी वार्षिक रु. १५० का दरले, कक्षा ६-१० प्रति विद्यार्थी वार्षिक रु. २००। का दरले, प्रति विद्यार्थी इकाइ लागतका आधारमा प्रारम्भिक बाल विकास कक्षाका लागि प्रति विद्यार्थी वार्षिक रु. ५००। का दरले, कक्षा ८ को परीक्षा सञ्चालन प्रति विद्यार्थी वार्षिक रु. २००। का दरले, दिवा खाजा बाल विकास कक्षा देखि कक्षा ५ सम्म प्रति विद्यार्थी दैनिक रु. १५। का दरले विद्यालयलाई अनुदान दिने व्यवस्था छ । पालिकाले EMIS (इमिस) मा प्रविष्ट तथ्याङ्कलाई कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग मिलान गरी विवरण दिएकोमा वास्तविक विद्यार्थी संख्याभन्दा बढी निकासा गएको एकीन गर्ने आधार भएन । कार्यालयले कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम EMIS (इमिस) डाटालाई विद्यार्थी हाजिरी पुस्तिका, परीक्षामा सहभागी सङ्ख्या र अनुगमनबाट विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग भिडान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरेर मात्र अनुदान निकासा दिनु पर्दछ । | |
| ३०.१० | | | **दिवा खाजा बढी निकासा:** कार्यालयको वार्षिक कार्यक्रम अनुसार तोकिएको लक्षित समूहको वाल वालिकाहरुका लागि प्रतिदिन रु. १५ का दरले दिवा खाजा उपलब्ध गराउने व्यवस्था छ । पालिका महादेव मा.वि. थलाकोडामा असोजमा १२ दिनको निकासा मात्र रु. ११६८५ हुनुपर्नेमा रु. १६६८५ निकासा भएकोले बढी निकासा फिर्ता गर्नुपर्ने रु. | ५,००० |
| ३१ | | | **कार्यक्रम कार्यान्वयन** | |
| ३१.१ | | | **एउटै काममा दुई उपभोक्ता समिति:** सार्वजनिक खरिद नियमावली २०६४को नियम ९७ मा उपभोक्ता समितिको कामलाई ट्रक्रयाउन नहुने भनी उल्लेख गरेको छ । ।यस कार्यलयले उक्त व्यवस्था बिपरित एउटै स्थानको कार्यलाई दुईवटा उपभोक्ता समिती बनाई कार्य गरेको देखिन्छ ।यसरी नियमावलीको ब्यवस्था छल्ने नियत राखि गरेको कार्य वास्तबिक हो भन्न सक्ने आधार देखिएन । अत गाउपालिका कार्यालयले यस्तो कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन । | |

| भौचर न. | योजनाको नाम | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १५६।२०७९।३।१० | ठुलोखोला मसानीझड सडक | ठुलोखोला मसानीझड सडक नि.उ.स. | १२१६२२९ |
| १२३।२०७९।१।२२ | ठुलोखोला मसानीझड सडक | ठुलोखोला मसानीझड सडक नि.उ.स. | १८५९९६५ |

<table>
<tr><td>३१.२</td><td></td><td></td><td>अबण्डा बजेट – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष राहत तथा पुनस्थापनामा कार्य बिधि बेगर रु ६४ लाख ३६ हजार अबण्डा राखेको छ । उक्त अबण्डा रकम कार्यपालिका बिभिन्न निर्णयबाट राहत उद्रार तथा पुनस्थापनाका लागी घर निर्माण तथा सार्वजनिक पुर्वाधार निर्माण कार्यमा २२ जनालाई वा कार्यमा खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ</td><td></td></tr>
<tr><td>३१.३</td><td></td><td></td><td>गुणस्तर परीक्षण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । केही उदाहरण देहाय बमोजिम छन् ।
<table>
<tr><td>सि.नं</td><td>निर्माण कामको विवरण</td><td>पार्टीको नाम</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१</td><td>भेकेखोला जलबिधुत आयोजना</td><td>यादव ईन्जिनेरिङ</td><td>४१६१४३६</td></tr>
<tr><td>२</td><td>थलालीगाड जलबिधुत आयोजना</td><td>यादव ईन्जिनेरिङ</td><td>६५०००००</td></tr>
<tr><td>३</td><td>लुकलेक मा. बि, गढ</td><td>सिगास निर्माण सेवा</td><td>३२७८३७६</td></tr>
<tr><td>४</td><td>दोगाडा लघु जलबिधुत आयोजना</td><td>हाईडो स्टील कम्पनी</td><td>५००००००</td></tr>
</table></td><td></td></tr>
<tr><td>३२</td><td></td><td></td><td>इन्धन खर्चः<br>कार्यालयले विनियोजित बजेट खर्च गर्दा सार्वजनिक श्रोतको अधिकतम उपयोग हुने गरी मितव्ययिता अवलम्बन गरी खरिद कार्य गर्नुपर्दछ ।कार्यालयले यस वर्ष इन्धन खर्च वापत कार्यालय प्रयोजनको लागि रु ५,३९,१५२.० र अन्य प्रयोजनको लागि रु.३७,४४०.० खर्च गरेको छ ।यसरी खर्च लेख्दा पालिकाले सवारी साधनले के कति इन्धन खपत गरेको सो एकिन गर्न सकिएन ।पालिकाबाट हुने इन्धन खर्चको प्रयोग र सम्पादित कार्य खुल्ने प्रमाणित कार्य सम्पन्न प्रतिवेदनका साथै प्रयोग गरेको सवारि साधनको र लगबुकका आधारमा इन्धन खर्च लिने व्यवस्था गर्नु पर्ने र इन्धन खर्चको कामको आधारमा नमर्स स्वीकृत गरेर आन्तरिक नियन्त्रणको व्यवस्था गरी खर्चको मितव्ययिता कायम हुने गरी इन्धन खर्च गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>३३</td><td></td><td></td><td>सेवा प्रवाहको स्थितिः</td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम,कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने अनुसार यस वर्ष पालिकाबाट निम्नानुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छ ।
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा पास -<br>अभिलेखिकरण</td><td>२</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्म दर्ता</td><td>१०५५</td></tr>
<tr><td>मृत्यु दर्ता</td><td>२२१</td></tr>
<tr><td>बसाई सराई दर्ता</td><td>१७३</td></tr>
<tr><td>विवाह दर्ता</td><td>२१८</td></tr>
<tr><td>सम्बन्ध विच्छेद दर्ता</td><td>०</td></tr>
<tr><td>पूर्वाधार विकास सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक निर्माण</td><td>०</td></tr>
<tr><td>कालोपत्रे सडक मर्मत</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक निर्माण</td><td>०</td></tr>
<tr><td>ग्राभेल सडक मर्मत</td><td>०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३४</td><td></td><td></td><td>प्रमाण पेश नभएको:<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३९(५) मा कुनै पनि सरकारी खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल,भर्पाई,प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ ।कार्यालयले देहाय बमोजिम खर्च लेखेको तर सो कार्यक्रम गरे पश्चात भर्पाई</td><td>२४४,०००</td></tr>
</table>

वा प्रमाण पेश नभएकोले कार्यक्रमको औचित्य,उदेश्य,उपलब्धि बारे एकिन गर्न सकिएन। सो कार्यक्रम गरेपश्चात भर्पाई वा सो को प्रमाण पेश गर्नुपर्ने

| क्र.सं. | भौ/मिति | कार्यक्रम/प्रयोजन | ब्यक्ति/पार्टी | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १८/२०७८–६-२४ | आर्थिक सहयोग | लाल लुहार | १०००००/- | प्रमाण नभएको |
| २ | १७८/२०७८–१०-२५ | पदाधिकारी तथा कर्मचारीको बैठक भत्ता | वडा नं १ पदाधिकारी तथा कर्मचारी | १४४०००/- | वितरण भर्पाई नभएको |
| **जम्मा** | | | | २४४०००/- | |

| ३५ | | | | ६,३०० |
|---|---|---|---|---|

**बहाल कर कट्टी नभएको:**
आयकर ऐन,२०५८ को दफा ८८ र ९२ अनुसार व्यवसाय संचालन गरिरहेको बाहेक अन्य प्राकृतिक व्यक्तिलाई नेपालमा स्रोत भएको जग्गा वा घर र सोसंग गांसिएका जडानहरु र उपकरणहरु वापत भुक्तानी गरेको भाडा वापत १० प्रतिशत कर कट्टा गर्नुपर्ने व्यवस्था रहेको छ ।कार्यालयले ठुलाखोला मसानीझाड उपभोक्ता समितिमा श्री उमेश धामीले ३ पटक ढुवानी गरे वापत कुल रु ६३०००/- को बहाल कर रु ६३००/- कट्टा नगरेकोले सम्बन्धितबाट असुल हुनुपर्ने रु

| ३६ | | | | १६,०६४,००० |
|---|---|---|---|---|

**भुक्तानी दिन बाँकीको विवरण:**
आर्थिक तथा वित्तीय उतरदायित्व नियमावली, २०७७ को नियम ३९ (१३) बमोजिम चालु वर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आर्थिक वर्ष समाप्त भएको ७ दिन भित्र भुक्तानी बाँकीको विवरण प्रमाणित गरी राख्नु पर्ने व्यवस्था छ साथै वित्तिय समानिकरण अनुदानबाट निजि शिक्षकलाई तलब भत्ता भुक्तानी दिन नपाउने व्यवस्था छ ।यस पालिकाले आ.व. २०७८।०७९ को भुक्तानी दिन बाँकी भनी यस वर्ष देहाय अनुसार भुक्तानी गरेको नियमसंगत नदेखिएको रु

| क्र.सं. | गो.भौ/मिती | भुक्तानी लिने | प्रयोजन | भुक्तानी रकम |
|---|---|---|---|---|
| १ | १०/२०७८-०६-२३ | १८६ जना स्वयंसेवक शिक्षक | अघिल्लो वर्षको छुट तलब | ६२५२०००/- |
| २ | २२/२०७८-०७-११ | १८६ जना स्वयंसेवक शिक्षक | अघिल्लो वर्षको छुट तलब | ७४०८०००.०/- |

| | | | | |
|---|---|---|---|---|
| | | | | |

| ३ | ८८/२०७८-०८-०७ | ४८ जना कर्मचारी र पदाधिकारी | वडागत बैठक भत्ता | १०३४०००/- |
|---|---|---|---|---|
| ४ | | २१वटा विभिन्न फर्म तथा कृषक समुह | कार्यपालिका निर्णय अनुसार | १३७००००/- |
| **जम्मा** | | | | **१६०६४०००/-** |

| | | | | |
|---|---|---|---|---|
| ३७ | | | **पदाधिकारी सुविधाः**<br>नेपालको संविधानको धारा २२७ मा गाउँ सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने व्यवस्था अनुसार सूदूरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको व्यवस्था अनुसार गाँउपालिकाबाट आ.व. २०७८/७९ मा रु. ७५,५९,५००.० सुविधा वापत भुक्तानी भएको छ । | |
| ३८ | | | **प्रशिक्षक भत्ता**<br>अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका, २०७५ को ७.१.१५ को ४ (क) बमोजिम अधिकृतस्तरको तालिममा बाह्य प्रशिक्षकलाई प्रति सेसन बाचन बापत भत्ता रु. १४००। तथा कार्यपत्र बापत रु. २००० को दरले थप भत्ता तथा सहायकस्तरको तालिमको लागि प्रशिक्षकलाई बाचन बापत रु. ७०० तथा कार्यपत्र बापत रु. ८०० थप भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले कार्यपत्र बेगर प्रति सेसन बाह्य अधिकृतस्तर प्रशिक्षकलाई रु. ४००० तथा सहायकस्तरको प्रशिक्षकलाई रु. २०००, रु. १५००, रु. १३००, रु. १२००० तथा रु. १००० को दरले देहाय बमोजिम भुक्तानी गरेको पाइयो। निर्देशिका विपरीत तालीमका लागि भुक्तानी भएको प्रशिक्षक भत्ता रु. २,२३,२९५ सम्बन्धित प्रशिक्षकबाट असुल हुनुपर्ने रु. | २२३,२९५ |

| प्रशिक्षक | सेसन/दिन | कर कट्टी गरि भुक्तानी दिनुपर्ने रकम | कर कट्टी गरि भुक्तानी भएको रकम | बढि रकम | कैफियत |
|---|---|---|---|---|---|
| कृष्ण नाथ | ११ | १०२८५ | ३७४०० | २७११५ | गरिबी निवारणका लागि लघु उद्यम तालीम |
| जनक सिंह धामी (सि.अ.हे.व.) | ६ | ३५७० | ५१०० | १५३० | |

| | | | | | |
|---|---|---|---|---|---|
| विरेन्द्र सिंह क्षेत्री (हे.अ.) | ६ | ३५७० | ५१०० | १५३० | बृहत पोषण कार्यक्रममा प्रशिक्षण |
| भिम सिंह ऐर (हे.अ.) | ६ | ३५७० | ५१०० | १५३० | |
| नरेश बहादुर ऐर (अ.हे.अ.) | ६ | ३५७० | ५१०० | १५३० | |
| जयन्ती धामी | ४५ | २६७७५ | ३८२५० | ११४७५ | लघु उद्यम विकास कार्यक्रम |
| इन्द्रा कुँवर | ४५ | २६७७५ | ५७३७५ | ३०६०० | |
| राजेश सिंह बोहरा | ६० | ३५७०० | ५१००० | १५३०० | लघु उद्यम विकास कार्यक्रम |
| इन्द्रा कुँवर | ३० | १७८५० | २५५०० | ७६५० | लघु उद्यम विकास कार्यक्रम |
| गणेश दमाई | ३० | १७८५० | ३०६०० | १२७५० | लघु उद्यम विकास कार्यक्रम |
| जयन्ती धामी | ४५ | २६७७५ | ५७३७५ | ३०६०० | सिप विकास तालिम |
| सागर भट्ट | ६ | ३५७० | ६१२० | २५५० | वडा नं. ४ को ३ दिने रैथाने बाली प्रवर्द्धन तालीम |
| नरविर सिंह धामी | ६ | ३५७० | ६१२० | २५५० | |
| सागर भट्ट | १२ | ७१४० | १२२४० | ५१०० | |
| सागर भट्ट | ६ | ३५७० | ६१२० | २५५० | वडा नं. ९ को ३ दिने रैथाने बाली प्रवर्द्धन तालीम |
| नरविर सिंह धामी | ६ | ३५७० | ६१२० | २५५० | |
| नरविर सिंह धामी | १२ | ७१४० | १२२४० | ५१०० | |
| नरविर सिहं धामी | ६ | ३५७० | ६१२० | २५५० | वडा नं. २ को ३ दिने रैथाने बाली प्रवर्द्धन तालीम |
| सागर भट्ट | ६ | ३५७० | ६१२० | २५५० | |
| नरविर सिहं धामी | ६ | ३५७० | ६१२० | २५५० | |

| | | | | | |
|---|---|---|---|---|---|
| सागर भट्ट | ६ | ३५७० | ६१२० | २५५० | वडा नं. ४ को ३ दिने रैथाने बाली प्रवर्द्धन तालीम |
| सागर भट्ट | १२ | ७१४० | १२२४० | ५१०० | वडा नं. ८ को ३ दिने रैथाने बाली प्रवर्द्धन तालीम |
| सागर भट्ट | १२ | ७१४० | १२२४० | ५१०० | वडा नं. १ को ३ दिने रैथाने बाली प्रवर्द्धन तालीम |
| दलविर सिंह धामी | ६ | ३५७० | ६१२० | २५५० | |
| नरविर सिंह धामी | ६ | ३५७० | ६१२० | २५५० | |
| भानसिंह धामी | ६ | ३५७० | ७६५० | ४०८० | वडा नं. ४ का खानेपानी तथा हातधुने प्रवर्द्धन तालीम |
| गोदावरी ढाँट | २ | ११९० | २५५० | १३६० | |
| मान बहादुर धामी | ८ | ४७६० | १०२०० | ५४४० | वडा नं. ३ का खानेपानी तथा हातधुने प्रवर्द्धन तालीम |
| मान बहादुर धामी | ६ | ३५७० | ७६५० | ४०८० | वडा नं. ५ का खानेपानी तथा हातधुने प्रवर्द्धन तालीम |
| ज्योती जोशी | २ | ११९० | २५५० | १३६० | |
| दिपा भट्ट | ३ | १७८५ | ३८२५ | २०४० | वडा नं. २ को लागि किशोरी सञ्जाल अभियान तालीम |
| दिपा भट्ट | ३ | १७८५ | ३८२५ | २०४० | वडा नं. १ को लागि किशोरी सञ्जाल अभियान तालीम |
| भिम सिंह ऐर | २ | ११९० | २५५० | १३६० | वडा नं. २ का लागि बहुक्षेत्रिय पोषण तालीम |
| भान सिंह धामी | ३ | १७८५ | ३८२५ | २०४० | वडा नं. ७ का लागि बहुक्षेत्रिय पोषण तालीम |

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>मिना बोहरा</td><td>३</td><td>१७८५</td><td>३८२५</td><td>२०४०</td><td>वडा नं. ३ का लागि बहुक्षेत्रिय पोषण तालीम</td></tr>
<tr><td>खगेन्द्र बहादुर धामी</td><td>४</td><td>३७४०</td><td>६८००</td><td>३०६०</td><td rowspan="4">सामाजिक सुरक्षा सम्बन्धी अभिमुखीकरण तालिम</td></tr>
<tr><td>प्रताप सिंह बोहरा</td><td>५</td><td>४६७५</td><td>८५००</td><td>३८२५</td></tr>
<tr><td>कविन्द्र प्रसाद ओझा</td><td>२</td><td>१८७०</td><td>३४००</td><td>१५३०</td></tr>
<tr><td>हिक्मत भट्ट</td><td>२</td><td>१८७०</td><td>३४००</td><td>१५३०</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>२२३२९५</td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३९</td><td></td><td></td><td>स्वकीय सचिव र सल्लाहकार<br>सुदूरपश्चिम प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत) मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन। त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ ।तर गाँउपालिकाको अध्यक्ष र उपाध्यक्षको संयुक्त स्वकिय सचिवका रुपमा कार्यपालिका निर्णय अनुसार सहायक स्तर चौथो स्तरको सुविधा दिने भनि श्री हरि सिंह साउदलाई असोज देखि नियुक्ति गरी २०७९ असारसम्मको कुल तलब सुविधा रु २८६०००/- भुक्तानी भएकोले नियमसम्त हुन नसकेको रकम रु</td><td>२८६,०००</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>पारिश्रामिक कर कट्टी नभएको:<br>आयकर,ऐन २०५८ को दफा ४ बमोजिम अनुसूचि १(२) अनुसार वार्षिक आयमा कर गणना गर्दा दम्पत्तिको हकमा (क) रु. ४,५०,०००.० सम्म १ %, (ख) रु. ४,५०,०००.०-५,५०,०००.० को १०%,(ग) रु.५,५०,०००.०-७,५०,०००.० सम्म रु २,००,०००.० मा २०%,(घ) रु ७,५०,०००.० देखि रु २०,००,०००.० सम्म रु. १२,५०,०००.० मा ३० % र रु.२०,००,०००.० भन्दा बढीको आम्दानिमा (घ)बमोजिम लाग्ने करको दरमा थप २०% अतिरिक्त कर लाग्ने व्यवस्था छ ।कार्यालयले देहाय कर्मचारीको उल्लेखित व्यवस्था अनुसार कर कट्टि नभएको र अन्य कर्मचारीको हकमा हिसाब एकिन गरी घटी कट्टी गरिएको कर असुल हुनुपर्ने रु
<table>
<tr><th>क्र.सं.</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>कर योग्य आय</th><th>पारिश्रमिक छुट</th><th>कर योग्य खुद रकम</th><th>कर</th></tr>
<tr><td>१</td><td>कविन्द्र प्रसाद ओझा</td><td>प्रमुख प्रशासकिय अधिकृत</td><td>५४९६२२/-</td><td>४७००००(दम्पति)</td><td>७९६२२/-</td><td>७९६२/-</td></tr>
</table>
</td><td>५६,७५३</td></tr>
</table>

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | कृष्ण बहादुर चलाउने | ईन्जिनियर | ५५८०६४/- | ४७००००(दम्पति) | ८८०६४/- | ८८०६/- |
| ३ | रमेश प्रसाद भट्ट | वि.नि. | ५११४४९/- | ४७००००(दम्पति) | ४१४४९/- | ४१४४/- |
| ४ | शोभा जोशी | अधिकृत छैठौं | ५११४४९/- | ४७००००(दम्पति) | ४१४४९/- | ४१४४/- |
| ५ | कर्ण सिंह धामी | प्रा.स. | ४९०२७७/- | ४७००००(दम्पति) | २०२७७/- | २०२८/- |
| ६ | नर बहादुर धामी | प्रा.स. | ४९०२७७/- | ४७००००(दम्पति) | २०२७७/- | २०२८/- |
| ७ | उद्धव बहादुर महरा | प्रा.स. | ४९०२७७/- | ४७००००(दम्पति) | २०२७७/- | २०२८/- |
| ८ | नयन सिंह रोकाया | प्रा.स. | ४९०२७७/- | ४७००००(दम्पति) | २०२७७/- | २०२८/- |
| ९ | मोहन सिंह ऐर | प्रा.स. | ४९०२७७/- | ४७००००(दम्पति) | २०२७७/- | २०२८/- |
| १० | पुष्कर बहादुर चन्द | प्रा.स. | ४९०२७७/- | ४७००००(दम्पति) | २०२७७/- | २०२८/- |
| ११ | जनक सिंह धामी | सि.अ.हे.व | ६३४८३५/- | ४७००००(दम्पति) | ६१०००/- | ६१००/- |
| १२ | गोदावरि भाट | अ.न.मि. | ६२०५५५/- | ४७००००(दम्पति) | ४९१४०/- | ४९१४/- |
| १३ | राजेन्द्र सिंह धामी | रोजगार संयोजक | ५७५१५०/- | ४७००००(दम्पति) | ८५१५०/- | ८५१५/- |
| **जम्मा** | | | | | | **५६७५३/-** |

| | | | | |
|---|---|---|---|---|
| ४१ | | | **ठेक्का व्यवस्थापन** | |
| ४१.१ | | | **आन्तरिक आय ठेक्का व्यवस्थापनः** स्थानीय सरकार सञ्चालन, ऐन २०७४ को दफा ११ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्रभित्र राजश्वको संभाव्यता अध्ययन गरी राजश्वको दायरा फराकिलो बनाउनुपर्ने अवस्था छ । पालिकाले आ. व. २०७८।७९ मा लगाएको आन्तरिक आयको ठेक्का सम्बन्धीको विवरण लेखा परीक्षणको क्रममा पेश हुन सकेन । यसर्थ आन्तरिक आम्दानीको ठेक्काको विवरण सहितको विश्लेषण गरी आन्तरिक राजश्वको अवस्था आंकलन गर्न सकिएन । अतः संघीय र प्रदेश अनुदानमा मात्र भर नपरी पालिकाले आन्तरिक क्षमताको वृद्धि गर्नु पर्दछ । | |

<table>
<tr><td>४१.२</td><td></td><td></td><td>मु. अ. कर विजक वेगरको भुक्तानीः झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम अनुसार कुल सम्झौता रकमको ६ प्रतिशत सेवा शुल्क गैरसरकारी संस्थालाई दिने सो मध्ये पहिलो किस्ता ३० प्रतिशत दिनुपर्ने व्यवस्था छ । पालिकाले ठे. नं. SRMM/NCB/SQ/BKTB-03/2078/79 न्यौलाली झोलुङ्गे पुल निर्माण कार्यको सम्झौता रु. १२,४२,७४८.२८ र ठेक्का नं. SRMM/NCBV/SQ/BKTB-03/2078/79 बगौंली कान्ला झोलुङ्गे पुल निर्माण कार्यको सम्झौता रु. १७,४९,८५१.४९ सम्झौता रकम कार्यको लागि कर बीजक वेगर नै अनिरुद्र ग्रामिण सुधार केन्द्र शंकरपुर बैतडीलाई एकमुष्ट रकम रु. १,१३,२३३.०० भुक्तानी दिएको देखियो । यसरी कार्यको प्राविधिक मुल्याङ्कन समेत नदेखिएको तथा कर विजक नराखी भएको भुक्तानी नियम सम्मत नदेखिएको रु.</td><td>११३,२३३</td></tr>
<tr><td>४१.३</td><td></td><td></td><td>प्रमाण बिनाको भुक्तानीःभौं.नं. ९६।२०७९।०३।२५, संघीय हस्तान्तरण कार्यक्रमबाट ठे.नं.SRM/NCB/LLSB-01-2078/79 लेकलुपुड माध्यमिक विद्यालय भवन निर्माण सिगास ८ को लागि निर्माण व्यवसायी श्री सिगास निर्माण सेवा सिगास १ लाई दोस्रो तथा अन्तिम बीलको भुक्तानी गर्दा बीमा वापतको रकम रु. २१,०००.०० समेत गरी कुल रकम रु. ३५,३५,८२१.०० भुक्तानी दिएकोमा बीमाको कागजात संलग्न नरहेकोले सो को प्रमाण संलग्न राख्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रकम रु.</td><td>२१,०००</td></tr>
<tr><td>४१.४</td><td></td><td></td><td>लागत अनुमानबिना योजना सञ्चालन : सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५ बमोजिम एक लाखभन्दा माथिको खरिद वा निर्माण कार्य गर्दा लागत अनुमान तयार गर्नुपर्दछ । साथै लागत अनुमान तयार गरी सम्झौता अनुसार काम सम्पन्न भईसकेपछि नापजाँच गरी कार्यसम्पन्नको आधारमा रकम भुक्तानी गरिनुपर्दछ । कार्यालयले देहाय बमोजिमको योजना भुक्तानी एवम् खरिदमा लागत अनुमान तयार नगरी भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु
<table>
<tr><td>भौ.नं/मिति</td><td>योजना/ खरिद</td><td>भुक्तानी रकम</td></tr>
<tr><td>१३८।२०७९।०३।०२</td><td>धौलाडी ढोल्पन्यार निर्माण कार्य</td><td>१८७७९४.००</td></tr>
<tr><td>१३९।२०७९।०३।०२</td><td>चुवाँगाड लघु जलविद्युत मर्मत योजना</td><td>२९९५९०.००</td></tr>
<tr><td>जम्मा</td><td></td><td>४८७३८४.००</td></tr>
</table></td><td>४८७,३८४</td></tr>
<tr><td>४१.५</td><td></td><td></td><td>सम्झौता भन्दा बढी पेश्की रकम भुक्तानीः सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को उपनियम ५ मा उल्लेख भए अनुसार उपभोक्ता समिति सँग निर्माण कार्यको सम्झौता भए पश्चात त्यस्तो समिति वा समुदायलाई सम्झौता रकमको बढीमा एकतिहाई रकम सम्मको अग्रिम रुपमा पेश्की दिन सक्ने व्यवस्था छ । पालिकाले निम्नानुसारका उपभोक्ता समितिहरुलाई सम्झौतामा उल्लेखित रकमको एक तिहाई रकम भन्दा बढी रकम पेश्कीको रुपमा भूक्तानी गरेको देखियो ।
<table>
<tr><td>सि. नं.</td><td>उपभोक्ता समितिको नाम</td><td>सम्झौता रकम</td><td>पेश्की गएको रकम</td><td>बढी पेश्की भुक्तानी रकम</td></tr>
</table></td><td></td></tr>
</table>

<table>
<tr><td></td><td></td><td></td><td>
<table>
<tr><td>१</td><td>ग्रामिण विद्युतिकरण उपभोक्ता समिति वडा नं. २ (गो.भौ.नं. ७९।२०७८।११।१८बाट रु १५०००००) र (गो.भौ.नं.१४१।२०७९।०३।०२बाट रु ६५००००)</td><td>५२७४८४४.००</td><td>२१५००००.००</td><td>४०९३०१.४८</td></tr>
<tr><td>२</td><td>धौलाडी गर्जे विद्युत विस्तार योजना उ.स. वडा नं. २ (गो.भौ.नं. ८०।२०७८।११।१८बाट रु १४०००००) र (गो.भौ.नं.१४६।२०७९।०३।०३बाट रु ८०००००)</td><td>५००६०१२.०५</td><td>२२०००००.००</td><td>१९४४५८८.००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td></td><td></td><td></td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>प्रधानमन्त्री रोगजार कार्यक्रम<br>भौं. नं. ५४।२०७८।१०।२६, १४५।२०७९।०३।०३ र १९१।२०७९।०३।०३, बाट गाउँपालिकाको रकम रु. २,००,०००.०० प्रधानमन्त्री रोजगार कार्यक्रमको रु. २,५०,०००.०० र उपभोक्ता समितिको रु ९,०३४.०० लागत सहभागितामा कार्यान्वयन गरिएको कार्यक्रको पेश भएको संलग्न कागजातमा सो कार्यमा खटिएका कामदारहरुको काम गरेको कुल दिन तथा दैनिक ज्यालादर संलग्न नराखी रु. १,१४,९९८.०० भुक्तानी दिएको देखियो । भुक्तानीको लागि आवश्यक कागजातहरु सहितको प्रमाण पेश गर्नुपर्ने रु.</td><td>११४,९९८</td></tr>
<tr><td>४३</td><td></td><td></td><td>सोझै खरिद</td><td></td></tr>
<tr><td>४३.१</td><td></td><td></td><td>सोझै खरिद– सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नु पर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको अनियमित देखिएको रु
<table>
<tr><td>भौचर न.</td><td>योजनाको नाम</td><td>पार्टीको नाम</td><td>रकम</td><td>कैफिएत</td></tr>
</table>
</td><td>२,६४१,५७८</td></tr>
</table>

| | | | | |
|---|---|---|---|---|
| ५०।२०७८।१०।२५ | वडा कार्यालय फनिचर्स खरिद | स्टार कन्स्टकशन | ३००००० | पाम्समा दाखिला नभएको |
| ५९।२०७८।१०।२८ | वडा कार्यालय फनिचर्स खरिद | थ्याङक्यु बिजनेश | २५१८८७ | पाम्समा दाखिला नभएको |
| ६४।२०७८।११।२ | वडा कार्यालय फनिचर्स खरिद | सृजना फनिचर्स | २४७९२२ | पाम्समा दाखिला नभएको |
| ७०।२०७८।११।३ | वडा कार्यालय फनिचर्स खरिद | न्यु असिग्राम समैजी फनिचर्स | ३००००० | पाम्समा दाखिला नभएको |
| ९१।२०७८।११।२९ | वडा कार्यालय फनिचर्स खरिद | लक्ष्मी टेड्र एण्ड सप्लार्स | २४१७६९ | पाम्समा दाखिला नभएको |
| १०२।२०७८।१२।११ | वडा कार्यालय फनिचर्स खरिद | सन्तोष सप्लार्स | ३००००० | पाम्समा दाखिला नभएको |
| १५८।२०७८।३।१२ | वडा कार्यालय फनिचर्स खरिद | मोहन ऐर | ३००००० | पाम्समा दाखिला नभएको/व्यक्तिको नाममा चेक |
| १६४।२०७८।३।१२ | वडा कार्यालय फनिचर्स खरिद | पुस्कर चन्द | ३००००० | पाम्समा दाखिला नभएको/व्यक्तिको नाममा चेक |
| १०२।२०७९।१२।१६ | शैक्षिक कार्यक्रम | रमेश भट्ट | ४००००० | बिल भरपाई कागजात नभएको |

| | | | | |
|---|---|---|---|---|
| ४३.२ | | | **नापी किताव:** निर्माण सम्वन्धी कामको विवरण नापि कितावमा अभिलेखको रुपमा जनाई राख्नुपर्दछ । प्रयोग गरिने नापि कितावहरु नापी नियन्त्रण खातामा अभिलेख जनाई प्रयोग गर्दा माग फारम भरी निकासा गराई प्रयोग गर्नुपर्नेमा कार्यालयवाट निर्माण कार्यको अभिलेख राख्ने प्रयोजनको लागि नापी कितावको रुपमा प्रयोग नगरी कम्प्यूटरमा राखी लुजसिटको रुपमा प्रयोग गरेको देखियो । उक्त लुज सिटहरु एकिकृत गरी बाइन्डिङ गरी राखेको समेत पाइएन । यसरी लुजसिटमा राख्दा निर्माण कार्यको अभिलेख एकिकृत रुपमा नराखेको कारण | |

| | | | | |
|---|---|---|---|---|
| | | | परिक्षण तथा मुल्याङ्कन गर्न कठिनाई पर्ने देखिन्छ । साथै लुजसिटमा राखेका विवरणहरु हराउने सम्भावना बढी हुने हुँदा निर्माण कार्यको अभिलेख नापी कितावको रुपमा राखि सोको नियन्त्रणका लागि नापी किताव नियन्त्रण खाता समेत प्रयोगमा ल्याउनुपर्ने देखिन्छ । यस नगरपालिका कार्यालयदारा गत आ.वा.मा संचालित योजनाहरुको भुक्तानी यस बष कार्य सम्पन्न भएको आधार भुक्तानी दिएको देखिन्छ । लेखापरिक्षणको क्रममा गत आ.वा. का नापी किताब भुक्तानी बिवरण लेखापरीक्ष्णको क्रममा पेश नभएकोले जोडजम्मा भिडानगर्न सकिएन । अत कार्यालयले क्रमागत योजनाहरुको नापी किताब एकिकृत गरी राखु पर्ने देखिन्छ । | |
| ४३.३ | | | **वारिण्टी कार्ड नलिएको**:सार्वजनिक खरिद ऐन २०६३ को दफा ७ को ३ मा खरिद गरेका मालसमान वा सेवाको गुणस्तर परिक्षण गराउनु पर्ने बयवस्था छ । यस पालिका कार्यालयले बैकल्पिक उर्जा गाउपालिकामा जडान गरिएका सोलरको भुक्तानी दिएकोमा उक्त कार्य गुणस्तर बमोजिम छ भनी गुणस्तर परिक्षण गरेको प्राबिधिक प्रतिबेदन पेश गरेको देखिएन र साथै उक्त कार्यका लागी खरिद गरेका समानको बिक्रेता आधिकारीक कम्पनीले निश्चित अवधिको लागी वारिण्टी कार्ड दिने गरेकोमा कार्यालयले कुन कम्पनीबाट खरिद गरेको हो सो एकिन भएन। अत कार्यालयले उक्त समान खरिद गरेको कम्पनीबाट जारी गरेको वारिण्टी कार्ड लिएको प्रमाण पेश गर्नु पर्दछ । | |

| सि न | योजनाको नाम | गो भौ न र मिति | रकम | कैफिएत |
|---|---|---|---|---|
| १ | नबिकरणीय उर्जा प्रबिधि जडान | ५।२०७८।८।७ | २३२५०० | वारिन्टी कार्ड नभएको |
| २ | नबिकरणीय उर्जा प्रबिधि जडान | ४५।२०७८११।३० | ४९७२०० | लागत अनुमान/दाखिला नभएको |
| ३ | नबिकरणीय उर्जा प्रबिधि जडान | ५३।२०७८।१२।७ | ५१९८० | |
| ४ | नबिकरणीय उर्जा प्रबिधि जडान | ९८।२०७८।३।२५ | २१८३२० | |
| ५ | जडेबाटा लिफ्ट खानेपानी योजना | ११२।२०७९।१।८ | ९९४११९ | वारिन्टी कार्ड नभएको |

| | | | | |
|---|---|---|---|---|
| ४४ | | | **उपभोक्ता समितिको काम** | |
| ४४.१ | | | **उपभोक्ताको काम**:सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट निर्माण कार्य गराउदा वा सो सम्वन्धी सेवा प्राप्त गर्दा मितव्ययीता, गुणस्तरियता वा दिगोपना अभिवृदी हुने भएमा वा परियोजनाको मुख्य उद्देश्य नै रोजगारीको सृजना गर्ने र लाभग्राही समुदायलाई सहभागी गराउने भएमा उपभोक्ता समिति वा लाभग्राही समूहबाट त्यस्तो कार्य गराउन वा सेवा लिन सकिने उल्लेख छ । साथै नियमावलीको नियम ९७(१४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट काम गराउदा श्रममुलक कामको निर्धारण, काम वा सेवामा मितव्ययीता, गुणस्तरियता, दिगोपना अभिवृद्धि गर्ने तरिका आम्दानी खर्चको अभिलेख, काम वा सेवाको सुपरिवेक्षण र अनुगमन जस्ता विषयमा सार्वजनिक निकायले अपनाउनु पर्ने कार्यविधी सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्धारण गर्न सक्ने उललेख छ । यस कार्यालयले बाटो निर्माण, भवन निर्माण, कालो पत्रे कलभर्ट खानेपानी संरचना पार्क निर्माण जस्ता कार्य उपभोक्ता समिति | |

मार्फत गराई उपभोक्ताले निर्माण कार्यमा प्रयोग गरेको लोडर, एक्जाभेटर, डोजर, रोलर जस्ता हेभि मेशिनहरू प्रयोग गरेको विल भर्पाईको आधारमा निर्माण कार्य सम्पन्न गरेको प्राविधिक प्रतिवेदनमा उल्लेख गरेको छ । उपभोक्ता मार्फत सम्पन्न गरिएका आयोजना श्रम मुलक, मितव्ययी, गुणस्तरिय र दिगोपना अभिवृद्धि हुने खालको नदेखिएको र परियोजनाको मुख्य उद्देश्य रोजगारी सृजना गर्ने नभएकोले उपभोक्ता मार्फत निर्माण कार्य गराएको मनासिव मान्न सकिएन । सार्वजनिक खरिद अनुगमन कार्यालयले समेत उपभोक्ता समितिबाट गराउन सक्ने कामको कार्यविधि तयार गरेको पाईएन । सार्वजनिक खरिद नियमावलीमा भएको खरिद सम्बन्धी प्रकृयाको अवलम्वन गर्दै प्रतिस्पर्धात्मक र गुणस्तरिय निर्माण कार्य सम्पन्न गर्ने तर्फ कार्यालयको ध्यान जान जरूरी देखिएको छ । केही उदाहरण निम्न छन

| सि न | उपभोक्ता समितिको नाम | कामको नाम | रकम |
|---|---|---|---|
| १ | धौलारी गर्जे बिधुत लाईन जडान उ.स. | बिधुतिकरण | ४६४४५८८ |
| २ | साउनेखेत गर्जे सडक नि.उ.स. | सडक निर्माण | ४९८३३५१ |
| ३ | वडा न.३ बिधुतिकरण उ.स. | बिधुतिकरण | २०२१०३६ |
| ४ | बत्थी गौरा घर निर्माण उ.स. | भवन निर्माण | १४९९०६६ |
| ५ | भौनेलीमाण्डौ गर्जे सडक नि.उ.स. | सडक निर्माण | ४४९१६८१ |
| ६ | ठुलोखोला मसानीसडक नि. उ. स.२ | सडक निर्माण | ३०७६१९४ |
| ७ | ढुङाड गर्जेसडक नि.उ.स. २ | सडक निर्माण | ३२५६१९३ |
| ८ | वडा न.३ बिधुतिकरण उ.स. | बिधुतिकरण | १७९१८७४ |
| ९ | भेकेखोला जलबिधुत आयोजना | हाईड्रो पावर | ४१६१४३६ |
| १० | थलालीगाड जलबिधुत आयोजना | हाईड्रो पावर | ६५००००० |
| ११ | श्रीभावर दोगडा सडक नि. उ.स. | सडक निर्माण | ४२६९४५३ |

४४.२

**उपभोक्ताको काम निर्माण ब्यावसायी बाट गराएको:** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१३ क)मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पास गरेको कुनै काममा निर्माण ब्यवसायीलाई संलग्न गराएको पाईएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राही समुदायसंग भएको सम्झौता रद्ध गरी त्यस्तो उपभोक्ता समिति तथा लाभग्राहीलाई भबिष्मा त्यस्तो कनै काम गर्न नदिने अभिलेख राखी सो काम गर्ने ब्यवसायीलाइ कालो सुचीमा राख्न सार्वजनिक अनुगमन कार्यालयमा लेखि पठाउनु पर्ने ब्यवस्था छ ।

<table>
<tr><td></td><td></td><td></td><td>यस गाउपालिकामा संचालित उपभोक्ता समितिले पास गरेका निर्माण सम्बन्धि कार्य नियमावलीमा भएको व्यवस्था बिपरित निर्माण ब्यावसायीलाई सहभागी गराई गराएको देखिएका केही उदाहरण निम्न छा । अत यसरी गराएको कार्यलाई नियमसंगत मान्न सकिने आधार देखिएन ।गाउपालिका कार्यालयले यस्ता कार्यमा नियन्त्रण गर्नु पर्दछ ।केही उदाहरण निम्न छन ।
<table>
<tr><th>सि=न</th><th>योजनाको नाम</th><th>गो. भौ.न र मिति</th><th>निर्माण ब्यावसायी नाम</th><th>निर्माणब्यावसायीले गरेको काम</th><th>रकम</th></tr>
<tr><td>१</td><td>श्री भोगडा सडक निर्माण उ.स.</td><td>९।२०७८।७।१३</td><td>बिबेक हिमाल निर्माण सेवा</td><td>सडक कटीङ</td><td>३६००१८०</td></tr>
<tr><td>२</td><td>देउलेक मौरीवाडा सडक निर्माण</td><td>२५।२०७८।९।१३</td><td>चिराशैनी कन्स्टकशन</td><td>सडक कटीङ</td><td>६८८८००</td></tr>
<tr><td>३</td><td>धुरा ब्रम्हपुर धनाड सडक नि.उ.स.</td><td>४२।२०७८।१०।१३</td><td>कैलाशपति कन्स्टकशन</td><td>सडक कटीङ</td><td>१६१२००१</td></tr>
<tr><td>४</td><td>ढुडाड गर्जेसडक नि.उ.स.</td><td>४८।२०७८।१०।२४</td><td>स्टार कन्स्टकशन</td><td>सडक कटीङ</td><td>५१६९७५</td></tr>
<tr><td>५</td><td>भौनेलीमाण्डौ गर्जे सडक नि.उ.स.</td><td>२२६।२०७९।३।२५</td><td>चिराशैनी कन्स्टकशन</td><td>सडक कटीङ</td><td>१३०००६५</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>४४.३</td><td></td><td></td><td>उपभोक्ता समिति दर्ता – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ मा उपभोक्ता समितिबाट कार्य गराउने व्यवस्था छ । पालिकाले यो बर्ष विभिन्न उपभोक्ता समितिसँग सम्झौता गरी कार्य गराई भुक्तानी गरेकोमा यसरी कार्य गर्न गठन भएका उपभोक्ता समिति दर्ता भएको पाइएन । त्यस्ता समितिहरु स्थानीय स्तरमा सञ्चालित आयोजनाको निर्माण गर्न अस्थायी रुपमा गठन हुने र कार्य सम्पन्न पश्चात् समिति विघटन हुने हुँदा निर्माण कार्य सम्पन्न भएका आयोजना सञ्चालन तथा मर्मत सम्भारमा ती समितिलाई जिम्मेवार बनाउन कठिनाइ हुने र त्यस्ता समितिहरुले आयव्ययको लेखापरीक्षणसमेत नगराउने भएकोले स्थायी संयन्त्रमार्फत् काम गर्ने, गराउने गरी सुधार हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४४.४</td><td></td><td></td><td>उपभोक्ताबाट खरिद:सार्वजनिक खरिद नियमावली २०६४ को नियम ५को (क) मा सार्वजनिक निकाय प्रमुखले कुनै माल समान वा सेवा खरिद गर्न ऐनको दफा ४ बमोजिम स्पेसिफिकेशन योजना नक्सा डिजाइन वा अन्य बिवरण तयार गरी ऐनको दफा ८ बमोजिम बिधि एकिन गर्नु पर्ने ब्यवस्था छ ।यस कार्यालयले खरिद नियमालीमा उल्लेख भए बमोजिमको कार्य मात्र उपभोक्ता समितिलाई दिनु पर्नेमा उपभोक्ता समितिले गर्न नसक्ने प्रकृतिका काय उपभोक्ता समितिबाट खरिद गराएको देखिएकोले खरिद गरिएका निम्न समानको गुणस्तर परीक्षण समेत गरेको देखिएन ।अत गाउपालिका कार्यालयले उपभोक्ता समितिबाट समान खरिद गराएको नियम संगत देखिएन ।</td><td></td></tr>
</table>

| भौचर न | योजनाको नाम | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|
| ४।२०७८।६।२३ | भेकेखोला जलबिधुत आयोजना | ४१६१४३६ | २४ प्रकारका समान खरिद गरेकोमा जिन्सी लगत समेत राखेको देखिएन। जस्ले गर्दा समान हराउने र दोहोरो खरिद हुने भएकोले उपभोक्ता समितिले खरिद गरेका समानको जिन्सी अभिलेख राख्नु पर्दछ । |
| ५।२०७८।६।२३ | थलाडीगाड जलबिधुत आयोजना | ६५००००० | २१ प्रकारका समान खरिद गरेकोमा जिन्सी लगत समेत राखेको देखिएन। जस्ले गर्दा समान हराउने र दोहोरो खरिद हुने भएकोले उपभोक्ता समितिले खरिद गरेका समानको जिन्सी अभिलेख राख्नु पर्दछ । |
| १७५।२०७९।३।२१ | दोगाढालघु जलबिधुत आयोजना | ५०००००० | २१ प्रकारका समान खरिद गरेकोमा जिन्सी लगत समेत राखेको देखिएन। जस्ले गर्दा समान हराउने र दोहोरो खरिद हुने भएकोले उपभोक्ता समितिले खरिद गरेका समानको जिन्सी अभिलेख राख्नु पर्दछ । |

४४.५ **भाडा कर कट्टी नभएको:**आयकर ऐन २०५८ को दफा ८८(१)को (५)मा बासिन्दा ब्यक्तीको नेपालको स्रोत भएको भाडा भुक्तानीमा १० प्रतिशत भाडा कर लाग्ने ब्यवस्था छ । यस कार्यालयले निम्न कार्यको लागी भाडा भुक्तानी दिएकोमा भाडा कर कट्टी गरेको देखिएन । अत गाउपालिका कार्यालयले भाडा कर असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू — २५,०००

| भौचर न | कामको नाम | भाडा भुक्तानी रकम | कट्टी गर्नु पर्ने रकम |
|---|---|---|---|
| ५।२०७८।६।२३ | थलालीगाड जलबिधुत आयोजना | २५००००।०० | २५०००।०० |
| | जम्मा | | २५०००।०० |

४४.६ **अनुगमन नभएको:** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १६ (ख) ५ मा उप प्रमुख वा उपाध्यक्षले योजना तथा कायक्रमको अनुगमन सुपरिबेक्षण गरी सो को प्रतिबेदन बैठकमा पेश गर्ने र (ग) २ मा वडाबाट कार्यन्वयन हुने योजना तथा कार्यक्रम कार्यान्वयन गर्ने गराउने सो को अनुगमन तथा आवधिक समिक्षा गर्ने गराउने ब्यवस्था छ । यस गाउपालिकामा आर्थिक बर्ष २०७८।७९ मा संचालन भएका योजना तथा कार्यान्वयन भई सम्पन्न भएका योजनाको प्राबिधिक प्रतिबेदनका आधारमा खर्च भुक्तानी गरेकोमा सोको नगरपालिका उप प्रमुख र सम्बन्धित वडा अध्यक्षले योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिबेक्षण गरेको प्रतिबेदन आंशिक पेश

<table>
<tr><td></td><td></td><td></td><td>गरेको देखिन्छ भने पालिकाद्वारा संचालित योजनाहरु लक्ष्य अनुसार सम्पन्न भए भएन भन्ने पालिकाले आधिकारिक समिक्षा गरेको प्रतिबेदन छैन । अतः यसले गर्दा गाउँपालिकाद्वारा संचालित सबै योजना तथा कार्यक्रम लक्ष्य अनुसार नै सम्पन्न भएका छन भन्ने प्रष्ट आधार देखिएन । पालिकाद्वारा संचालित योजना तथा कार्यक्रमको स्थानिय सरकार संचालन ऐन २०७४ मा उल्लेख भएको ब्यवस्था बमोजिम अनुगमन तथा सुपरिबेक्षण गरी समिक्षा गरेको प्रतिबेदन अभिलेखगत रूपमा राख्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४४.७</td><td></td><td></td><td>जनसहभागिताको अंशदान : सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को १(क)मा उपभोक्ता समितिबाट संचालन गरिने निर्माण कार्यको लागत अनुमानमा जनसहकभागिताको अंश समेतको रकम समावेश हुने ब्यवस्था छ । यस पालिका कार्यालयमा उपभोक्ता समितिबाट सचालन गरिने कार्यमा उपभोक्ता समिति वा लाभग्राही समुहको कति प्रतिशत अंश रहेनेछ भनी गाउसभा वा गाउपालिकाको आधिकारीक निर्णय गरेको प्रमाण देखिएन ।उपभोक्तादारा सचालित कार्य उपभोक्ता समितिसंग ५ प्रतिशत देखि २० प्रतिशतसम्म रकम राखी कार्य सम्पन्न गरेको देखिन्छ ।यसरी गाउपालिकाको आधिकारीक निर्णय बेगर अंशदानको प्रतिशत राख्ने कार्य नियमसंगत देखिएन ।अत गाउपालिका कार्यालयले लाभग्राही समुदाय वा उपभोक्ता समितीको प्रतिशत एकिन गरी गाउसभााबाट निर्णय गराई उपभोक्ता समितिबाट कार्य गराउनेतर्फ ध्यान दिनु पर्दछ</td><td></td></tr>
<tr><td>४४.८</td><td></td><td></td><td>लागत अनुमानको आधार: सार्वजनिक खरिद नियमावली २०६४को नियम १० को(१)मा सार्वजनिक निकायले निर्माण कार्यको लागत अनुमान तयार गर्दा नियम ९को अधिनमा रही तयार गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिकामा बिगत देखि निमार्णाधिनमा रहेका निम्न जलबिधुत आयोजना हाल सम्म सम्पन्न नभएका साथै उक्त योजनाहरूको सम्झौता कहिले भएको हो हालसम्म के कति खर्चको प्रगति भएको छ साथै उक्त योजना कसले संचालन गर्ने यसबाट भएको आम्दानी कस्को हुने जस्तो ब्यहोरा लेखापरीक्षणको समयमा उपलब्ध भएन । यस बर्ष उपभोक्ता समिति गठन गरी उपभोक्ता समितिबाट समान खरिद गरेको बिल भरपाई पेश गरेको छ ।यसरी लक्ष्य प्रगति बेगर बार्षिक रूपमा गाउपालिकाबाट बजेट बिनियोजन गर्ने सोही अनुसार लागत अनुमान तयार गरी बजेट खर्च गर्ने कार्यले मित्वययि र गुणस्तरिय काम हुन सक्दैन।अतः पालिका कार्यालयले उक्त जलबिधुत आयोजनाको हाल सम्म भएको खर्चको प्रगति बिवरण तयार गरी जलबिधुतआयोजना संचालमा ल्याउनतर्फ ध्यानदिनु पर्दछ ।
<table>
<tr><th>भौचर न</th><th>योजनाको नाम</th><th>भुक्तानी रकम</th><th>कैफियत</th></tr>
<tr><td>४।२०७८।६।२३</td><td>भेकेखोला जलबिधुत आयोजना</td><td>४१६१४३६</td><td>लागत अनुमान तयार नगरी पार्टीले दिएको कोटेशनको सबैभन्दा घटी रकमवालाको रकम लाई लागत अनुमान मानी सम्झौता गरी सोही आधारमा मुल्याङकन गरी भुक्तानी गरेको ।</td></tr>
<tr><td>५।२०७८।६।२३</td><td>थलालीगाड जलबिधुत आयोजना</td><td>६५०००००</td><td>लागत अनुमान तयार नगरी पार्टीले दिएको कोटेशनको सबैभन्दा घटी रकमवालाको रकम</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | |
|---|---|---|---|
| | | | लाई लागत अनुमान मानी सम्झौता गरी सोही आधारमा मुल्याङकन गरी भुक्तानी गरेको । |
| १७५।२०७९।३।२१ | दोगाडा लघु जलबिधुत आयोजना | ५०००००० | लागत अनुमान तयार नगरी पार्टीले दिएको कोटेशनको सबैभन्दा घटी रकमवालाको रकम लाई लागत अनुमान मानी सम्झौता गरी सोही आधारमा मुल्याङकन गरी भुक्तानी गरेको । |

४४.९ — १२०,१३२

**जनश्रमदान –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनु पर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु.

| गो.भौ.नं. | उपभोक्तासमितिरकाम | मुल्याङन रकम | जनसहभागिता बेहोर्ने रकम | जनसहभागिता भएको रकम | घटीअनुपातिककट्टीरकम |
|---|---|---|---|---|---|
| १९४।२०७९।३।२३ | साङ्डा सिचाई उपभोक्ता समिति | ३३२९५३५ | ४५९८०८ | ३३९६७६ | १२०१३२ |

४४.१०

**सम्झौता अनुसार कार्य नभएको:** उपभोक्ता समितिसंग निर्माण कार्यको सम्झौता गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुने गरी गर्नु पर्दछ । तर पालीका र उपभोक्ता समिति बीच यस बर्ष कार्य सम्पन्न गर्ने गरी सम्झौता भएकोमा निम्न कार्य पुरा नगरेको पाईयो । सालबसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्य समयमा सम्पन्न नहुदाँ पालिकाको विकास निर्माणको कार्य प्रभावित हुनुका साथै आ.व.२०७९।८० मा समेत उक्त योजनामा बजेट विनियोजन नहुनुले काम अधुरो रहने देखिन्छ । तसर्थ समयमै कार्य सम्पन्न हुने गरी उपभोक्ता समितिसँग सम्झौता गर्नुपर्ने देखिन्छ ।केही उदाहरण निम्न प्रकार छन ।

| योजनाको नाम | शिर्षक | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| पुन्दोड खरैकोट सडक नि. उ.स. | न.पा. पुजिगत | ७७५८४६० | ३०६३४१४ |

४४.११ — २,६८९,९३१

**हार्डरक दर एकिन नभएको:** सडक बिभागको नर्म्स बमोजिम र सडक डिभिजन पाटन बैतडीको दर बिश्लेषण अनुसार Hard Rock कटिङको दर रु. ८४२ प्रति घनमिटर रहेको देखिन्छ। यस्तै सडक बिभागको नर्म्स अनुसार समग्र कार्यको मुल्याङ्कन गरी आउने परीमाणलाई

भागा गरी दर बिश्लेषण गर्ने गरेको छ । तर गाउपालिकाले दर बिश्लेषण गर्दा श्रमलाई १० प्रतिशत र मेशिनलाई ९० प्रतिशत भार दिई मुल्याङ्कन गरी भुक्तानी दिने गरेको देखिन्छ । यसरी आधार बेगर मेशिनले गरेको कार्यमा लेवरको अंश राख्दा मुल्य बढी हुन गएको देखिन्छ ।यस गाउपालिकाले उक्त बढी मुल्यको आधारमा निम्न कार्यको लागी निम्न अनुसार भुक्तानी दिएको देखिएकोले कार्यालयले नम्स भन्दा बढी दरमा भुक्तानी हुन गएको रकम वास्तबिक हो वा होईन एकिन गरी असुल गर्नु पर्ने देखिएको रू

| भौचर न | पार्टीको नाम | परिमाण | नम्सको दर | भुक्तानी दर | फरक | जम्मा |
|---|---|---|---|---|---|---|
| ९७।२०७८।१२।१० | धौले कित्थे वार्ड सडक योजना | ३६६ | ८४२ | १५२७ | ६८५ | २५०७१० |
| ९।२०७८।७।१३ | श्रीभावर दोगडा सडक नि.उ.स. | ५०४ | ८४२ | १५३६ | ६९४ | ३४९७७६ |
| १०३।२०७८।१२।११ | श्रीभावर दोगडा सडक नि.उ.स | १२० | ८४२ | १५३६ | ६९४ | ८३२८० |
| १२३।२०७९।१।२२ | ठुलाखोला मसानीझाड सडक नि. | ४७४ | ८४२ | १५३७ | ६९५ | ३२९४३० |
| १५७।२०७९।३।१२ | भौनेलीमान्डौ गर्जे सडक | ३०६ | ८४२ | १५२१ | ६७९ | २०७७७४ |
| २१८।२०७९।३।२५ | पुन्ढोड खैरकोट सडक न. उ.स. | १२७१ | ८४२ | १५२१ | ६७९ | ८६३००९ |
| २३०।२०७९।३।२५ | साउनेखेत गर्जे सडक उ. स | ७६८ | ८४२ | १६३१ | ७८९ | ६०५९५२ |
| | जम्मा | | | | | २६,८९,९३१ |

४४.१२ **दर बढी भुक्तानी:**आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च गर्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन बिल भरपाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन जाच गर्नु पर्ने ब्यवस्था छ । यस गाउपालिका कार्यालयले निम्न कार्यमा एकमुष्ट रूपमा ढुवानी चार्ज रकम भुक्तानी १,८१०,४९१

दिएकोमा पुन समान खरिदमा कैलाली जिल्लाको दर भन्दा बढी दर राखी उपभोक्ता समितिलाई भुक्तानी दिएको देखिन्छ । यसरी भुक्तानी दिएका समानको नमुना परीक्षण गर्दा निम्नानुसार बढी भुक्तानी भएको देखिन्छ । अत कार्यालयले अन्य ढुवानीमा समेत एकिन गरी असुल गर्नु पर्दछ । केही उदाहरण निम्न छन ।

| भौचर न. | कार्यको नाम | ढुवानी भुक्तानी रकम | परिमाण | हुनु पर्ने दर | भएको दर | फरक दर | बढी रकम |
|---|---|---|---|---|---|---|---|
| २२४।२०७९।३।२५र १४६ | धौलाडी गर्जे बिधुत बिस्तार नि. उ.स | ५३४००० | ५७ स्टील टयुबलर पोल ९ मि | १६३०० | ३०१७७ | १३८७७ | ७९०९८९ |
| २२३।२०७९।३।२५।७९।१४१ | वडा न. २ बिधुतीकरण बिस्तार | २६४००० | ११४ स्टील टयुबलर पोल ८ मि | ११५०० | २०४४३ | ८९४३ | १०१९५०२ |
| | | | जम्म | | | | १८,१०,४९१ |

अत पालिकाले यस बर्ष बिधुत बिस्तारको कार्यमा उपभोक्ताबाट गराएको कार्यमा ढुवानी एकिन गरी जिल्ला दररेट र नेपाल सरकारको नम्स भन्दा बढी भुक्तानी दिएको रकम एकिन गरी असुल गर्नु पर्नु पर्दछ ।

४५

**सोझै खरिद**

सार्वजनिक खरीद ऐन, २०६३ को दफा ८ (२) बमोजिम खरीद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरीद गर्न नहुने व्यवस्था छ । ऐनको व्यवस्था बिपरीत यस वर्ष पालिकाबाट प्रतिस्पर्धा बेगर रु. १३,८५,६६४ को सोझै खरीद गरेको पाइयो । प्रतिष्पर्धा नगरी रु. १३,८५,६६४ को इलेक्ट्रिकल्स सामाग्री सोझै खरिद गरेको कार्य अनियमित देखिएको रु.

| गो.भौ.नं. मिति | खरीद गरेको फर्म | सामानको विवरण | रकम रु. |
|---|---|---|---|
| २४।०७८।८।८ | कान्तिपुर ट्रेडिङ्ग हाउस | इलेक्ट्रिकल्स सामाग्री | ४९८५५६ |

१,३८५,६६४

| | | | |
|---|---|---|---|
| २५।०७८।८।८ | उग्रतारा ट्रेडिङ्ग एण्ड सप्लायर्स | इलेक्ट्रिकल्स सामाग्री | २६०४६५ |
| ४९।०७८।९।१३ | कान्तिपुर ट्रेडिङ्ग हाउस र यस कम्प्युटर्स सप्लायर्स | इलेक्ट्रिकल्स सामाग्री | १३१६४५ |
| ३०८।०७९।३।२४ | एल.एस.इलेक्ट्रिक एण्ड सप्लायर्स | इलेक्ट्रिक्स सामाग्री | ६५००० |
| ३०९।०७९।३।२४ | एल टि ट्रेड एण्ड सप्लायर्स | इलेक्ट्रिक्स सामाग्री | ४२९९९८ |
| जम्मा | | | १३,८५,६६४ |

४६

**विशेष कोष व्यवस्थापन**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा रहेको व्यवस्था बमोजिम स्थानीय तहले आवश्यकता अनुसार आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को प्रावधान बमोजिम विभिन्न विशेष कोषहरुको व्यवस्थापन र सञ्चालन गर्न सक्ने व्यवस्था छ । सो कोषहरुको सञ्चालन तथा व्यवस्थापन कार्यको लागि कार्यविधि बनाई व्यवस्थित गर्न सक्ने व्यवस्था छ । पालिकाले राहत तथा पुनर्थापना कोष (प्रकोप व्यवस्थापन कोष) को व्यवस्था गरेको छ तर व्यवस्थापन तथा सञ्चालनको लागि कार्यविधि तयार गरी लागु गरेको छैन । पालिकाले कानुनी व्यवस्था बमोजिमको कार्यविधि बनाई विशेष कोषको व्यवस्थापन तथा सञ्चालन गर्नु पर्दछ ।

४७ — ४,५५३,३३९

**पेश्की बाँकी**

आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ। कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्ने रु.

| सि नं | पेश्कि लिनेको नाम | पद/ठेगाना | प्रयोजन | रकम रु |
|---|---|---|---|---|
| | **म्याद नाघेको पेश्की** | | | |
| 1 | रमेश प्रसाद भट्ट | अधिकृत छैठौं | विद्यालय शैक्षिक गुणस्तर सुदृढीकरण एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन अनुदान | १,००,००० |

| | | | | |
|---|---|---|---|---|
| 2 | अनिल चौधरी | सहायक चौथौं | विविध खर्च | ५०,००० |
| 3 | घनश्याम बोहरा | हेल्थ असिस्टेन्ट | स्थानीय तहका स्वास्थ्य चौकी, प्रा.स्वा.के. र अस्पतालहरुमा कार्यरत कर्मचारीहरुको तलव, महंगी भत्ता, स्थानीय भत्ता, पोषाक लगायत प्रशासनिक खर्च समेत | १,३५,००० |
| 4 | ओखलशैनी सकरकाडा सडक | | ओखलशैनी सकरकाँड सडक | १३,५०,००० |
| 5 | वगाडी कान्ला ट्रस पुल निर्माण उ स | | बगाडाकान्ला न्यालालीगाड, सिगास गाँउपालिका, बैतडी | ७,२९,७६८ |
| 6 | मैतड कुलो घट्ट निर्माण समिति | | मैतड कुलो घट्ट मर्मत वडा नं ३ | ३,००,००० |
| 7 | डुङ्गाड लाम्वागर हरडाखानी चुने सडक | | डुङ्गाड हरडाखानी चुने लाम्वगड सडक वडा नं ५ | ३,००,००० |
| 8 | रमेश प्रसाद भट्ट | अधिकृत छैठौं | पोषण संवेदनशील (खानेपानी तथा सरसफाई, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरु सञ्चालन | ४०,००० |
| 9 | लेक परिवन चक्की खरिद समिति | | लेक परिवन चक्की खरिद तथा भवन निर्माण | १,५०,००० |
| 10 | देउलेक आ वि खानेपानि योजना निर्माण उ स | | पोषण सुधारका लागि विद्यालयमा खानेपानी तथा सरसफाइ योजना निर्माण वा मर्मत सम्भार | २,४०,००० |

| | | | | |
|---|---|---|---|---|
| 11 | सिराडी निर्माण उपभोक्ता समिति | | कामका लागि पारिश्रमिक अनुदान | २,००,००० |
| 12 | ढुङ्गाड झोलुङ्गेपुल व्यवस्थापन समिति | | सेति नदि झोलुङ्गेपुल व्यवस्थापन | २,२५,००० |
| 13 | प्रकास बहादुर साउद | | पोषण संवेदनशील (खानेपानी तथा सरसफाई, कृषि, पशुसेवा, महिला तथा बालबालिका, शिक्षा र शासकीय प्रवन्ध) क्षेत्रका कार्यक्रमहरु सञ्चालन | १,४०,००० |
| 14 | सुरेन्द्र बहादुर साउद | | आलु बालिका साना व्यवसायिक कृषि उत्पादन केन्द्र(पकेट) विकास कार्य सञ्चालन | २,२५,००० |
| 15 | सागर भट्ट | | रैथाने बाली प्रवर्द्धन कार्यक्रम (बाली विकास कार्यक्रम) | २,१८,५७१ |
| 16 | बुढाकोट गोरेघर निर्माण उ. स. सिगास ४, बैतडी | | अन्य सार्वजनिक निर्माण | **१,५०,०००** |
| | | | | ४५,५३,३३९ |

**पुरानो पेश्कीः**
यस पालिकाको गत विगत देखिको म्याद भित्र रहेको र म्याद नाघेको पेश्कीको फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नु पर्नेमा सो गरेको देखिएन । पालिकाले पेश्कीको एकिकृत विवरण अद्यावधिक गर्दै समयमै पेश्की फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश गर्नु पर्दछ ।

४८ **सडक गुरु योजना र अभिलेख**
पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको अभिलेख राखी ती सडकहरुको निमार्ण, स्तरोन्नती मर्मत संम्भार तथा सञ्चालनको उचित प्रबन्ध गर्नु पर्छ । यसको लागि पालिकाले आफ्नो क्षेत्रभित्रका सडकको प्राथमिकताको आधारमा वर्गिकरण गरी सोही बमोजिम सडक निमार्ण

| | | | | |
|---|---|---|---|---|
| | | | स्तरोन्नति तथा मर्मत सम्बन्धमा सडक गुरु योजना तयार गरी सोही बमोजिम कार्य हुनुपर्नेमा पालिकाले कुनै योजना बेगर तदर्थ रुपमा उपभोक्ता समितिबाट सडक निमार्ण तथा मर्मत गरी भुक्तानी गर्ने गरेको देखिन्छ । | |
| ४९ | | | **कृषि, पशु, खानेपानी तथा विद्यालय अनुदान**<br>सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारीता कायम गर्ने सम्वन्धि नीति, मार्गदर्शन, २०७५ को बुँदा ३१ मा तोकिएको मापदण्ड भित्र रहेर क्षर्तिपुर्ति, औषधीउपचार, संघ संस्थालाई आर्थिक सहायता, प्रोत्साहन वापतको अन्य अनुदान तथा कार्यक्रममा खर्च उपलब्ध गराउने उल्लेख छ । स्वीकृत योजना अनुसार मेसीनरी औजार, प्लास्टिक पोखरी, बिउ, उपचार मेसीन अन्य सामान समेत आपूर्तक मार्फत खरिद बिल संलग्न गरी शत प्रतिशत अनुदानमा कृषक समूह तथा कृषक, विद्यालय, स्वास्थय संस्था र अन्य संस्थालाई दिएको छ । अनुदानमा वितरण गरिने उपकरणहरु खरिद गर्दा ऐन नियमावली अनुसार खरिद गर्नु पर्ने र वितरित उपकहरणहरु प्रयोगमा रहे नरहेको नियमित अनुगमन हुनु पर्दछ। | |
| ५० | | | **परामर्शको कार्य** | |
| ५०.१ | | | **प्रस्ताव मुल्याङकनः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ७६ मा प्राबिधिक प्रस्ताव मुल्याङकन गर्दा मुल्यांकन समितिका प्रत्येक सदस्यले छुटटाछुटै मुल्याङकन गरी प्रस्तावदाताले पाप्त गरेको अकं एकिन गर्नु पर्नेछ र त्यसरी पाप्त गरेको अकं औषतमा निकाली एकिन गरी उत्तिर्णाक पाप्त गर्ने प्रस्तावदाताको सुची तयार गर्नु पर्ने ब्यवस्था छ । यस पालिकाले सो नगरी सयुक्त रुपमा ५ वटा कार्यको समितिले अकं प्रदान गरी सोही अकंलाई आर्थिक प्रस्तावमा समापेश गरेको देखिन्छ । यसरी कानुनमा उल्लेख भएको ब्यवस्था पालना नगरी सोझै मुल्याकंन गरी निधारण गरेको अकं वास्तविक हो भन्न सकिने अवस्था देखिएन । जसले गर्दा परामर्शको पर्स्ताव वास्तबिक प्रतिस्पर्धा भएको हो भन्न सकिएन । | |
| ५०.२ | | | **डीपीआर खर्च —** सार्वजनिक खरिद नियमाली २०६४ को नियम ७० को १ मा सार्वजनिक निकायले बीस लाख भन्दा बढी मुल्यको परामर्श सेवा खरिद गर्न ऐनको दफा ३० बमोजिम सुचना प्रकाशन गरी आशयपत्र माग गर्नु पर्ने र बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्ने ब्यवस्था छ । यस स्थानीय तहले यो बर्ष सो ब्यवस्थाको पालना नगरी स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको देखिन्छ । यसरी नियमको पालना नगरी र बजेटको सुनिश्चता नभई डिपिआरमा खर्च गरेको रकम नियम संगत देखिएन । | |

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत |
|---|---|---|---|---|
| भौनेलीमाणंडौ गर्जे सडक | आयिका रिसर्च एण्डकन्सल्टेन्ट | ५२००८४ | ४९९६८६ | १०४९०३६६ |

| | | | | |
|---|---|---|---|---|
| | | | पुण्ढोड खैरकोट सडक \| बिटकम ईन्भारोमेण्ट ई. प्रा. लि. \| ८७४११८ \| ४९९९१२ \| २११३९१३<br>धरा ब्रहापुर धनाड सडक \| मुस्कडेयर ई कन्स्लटेन्ट \| २९७६३८ \| २९६९३० \| ४४३५९२२<br>स्याला थलारा सडक \| निकास ई.कन्सल्टेन्ट \| ५००००० \| ४९९९७९ \| १७८६३७०८५<br>१५सैया अस्पताल \| मुस्कडेयर ई कन्स्लटेन्ट \| १९३२५१५ \| १९१५३५० \| २४१०९५१५६<br><br>यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । | |
| ५०.३ | | | **अनुत्पादक खर्चः**सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले अनुत्पादक प्रयोजनमन्दिर निर्माण तथा मर्मत कार्यमा रू ६३०००००।००;गाउ सभाबाट बिनियोजन गरी ५३९३५३०।०० खर्च गरेको देखिन्छ । गाउपालिकाले यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| ५०.४ | | | **आ ले प ब्यहोराः** सुदरपश्चिम आर्थिक कार्यबिधि नियमावली२०७६को नियम ९६(३) मा कार्यालयले आन्तरिक लेखापरिक्षणबाट देखिएको बेरूजू अन्तिम लेखापरिक्षण हुनु अगावै फ्रछयौट गरी लगत कट्टा गर्नु पर्ने ब्यवस्था छ । यस कार्यालयले गरिबी निवारण कोषका सामाजिक परिचालक श्री कृष्ण सिह्य ढाटलाई बढी भुक्तानी गएको रू २३७६०।०० असुल गर्ने भनी कोष तथा लेखा नियन्त्रक कार्यालयद्वारा गरिएको आन्तरिक लेखापरीक्षणको प्रतिवेदनमा उल्लेख गरेकोमा नियमावलीको ब्यवस्था बमोजिम असुल गरी फर्छ्यौट गरेको देखिएन । अतः पालिका कार्यालयले असुल गरी दाखिला गर्नु पर्ने देखिएको रू | २३,७६० |
| ५०.५ | | | **फरक शिर्षक खर्चः** आर्थिक कार्यबिधि तथा बित्तीय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३९ को १२ मा कुनै बजेट उपशिर्षकमा बिनियोजित रकम अपयार्स छ र खर्च नगरेमा सरकारी हानी नोक्सानी हुने वा सरकारी काममा बाधा पर्ने देखेमा सोको स्पष्ट कारण खुलाई सोही उपशिर्षकको अर्को खर्च शिर्षकमा मौज्दात बजेटबाट खर्च गर्न सक्ने ब्यवस्था छ । यस गाउपालिका कार्यालयले सो नगरी गाउपालिकाले सशर्तको आधारभुत स्वास्थ्य केन्द्र भवन निर्माण शिर्षकबाट १५ शैया स्वास्थ्य भवन डिपिआरमा रु १९१५३५० ।०० भुक्तानी दिएको देखिन्छ । यसरी निश्चत कार्यको लागी तोकिएर आएको बजेट अन्य कार्यमा खर्च गरेको नियमसंगत देखिएन ।अत यसरी फरक शिर्षकमा खर्च लेखेको रकम नियमसंगत नदेखिएको रू. | १,९१५,३५० |
| ५१ | | | **समानिकरण अनुदानबाट शिक्षकलाई पारिश्रमिकः** | १५,१५३,३३३ |

<table>
<tr><td></td><td></td><td></td><td>अन्तर सरकारी वित्तिय व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई सशर्त अनुदान उपलध गराउने र उक्त रकम तोकिएको शर्त बमोजम खर्च गर्नुपर्ने व्यवस्था छ ।पालिकाले सशर्त अनुदान अन्तर्गत तलब भत्ता भुक्तानी गर्ने गरी स्वीकृत दरबन्दि भित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक श्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तिय समानीकरण अनुदानबाट ५५ वटा विद्यालयका १२३ शिक्षकहरुलाई चाँडपर्व खर्च सहित १३ महिनाको तलब भत्ता बापत रु.१,५१,५३,३३३.० तलब भत्ता भुक्तानी गरेको छ।गत विगत वर्षमा विद्यालयले आफ्नो श्रोतबाट व्यवस्थापन गरेको शिक्षकको लागि पालिकाले अनुदान उपलब्ध गराएको रकम अनियिमत देखिएको रु</td><td></td></tr>
<tr><td>५२</td><td></td><td></td><td>सामाजिक सुरक्षा<br>सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को दफा १४(१) बमोजिम पालिकाले लाभग्राहिको अद्यावधिक विवरणका आधारमा भुक्तानी गर्नुपर्ने व्यवस्था गरेको छ। तर पालिकाले व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा प्रणालिमा लगत कट्टा बमोजिम भुक्तानी नगरेको, शुन्य नागरिकता नम्वर भएको, नागरिकता नम्वर दोहोरो परेकोमा पनि रकम जम्मा गरेको देखिन्छ। अतः पालिकाले सामाजिक सुरक्षातर्फ रु. ९,३१,५६,७५८ निकासा गरेको तथा बैंकले गरेको भुक्तानी भिडाई लगत कट्टीको विवरण अनुसार खर्च यकिन गर्नु पर्ने हुन्छ। साथै पालिकाले लगत कट्टीको विवरण अद्यावधिक गरेरमात्र रकम निकासा गर्नु पर्ने देखिन्छ।</td><td></td></tr>
<tr><td>५३</td><td></td><td></td><td>धरौटी फिर्ता<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरादित्व नियमावलीको नियम ६६ र ६७ बमोजिम धरौटी रकम फिर्ता गर्दा सम्बन्धित पार्टीबाट कार्य सम्पन्न भएको वर्षको मूल्य अभिवृद्धी कर समायोजन पत्र प्राप्त गरेको हुनुपर्ने कानुनी व्यवस्था रहेको छ। पालिकाले धरौटी फिर्ता गर्दा कर समायोजन पत्र नभई धरौटो फिर्ता गरेको पाईयो। अतः आगामी दिनहरुमा धरौटी रकम फिर्ता गर्दा आवश्यक कागजातहरु पुरा भएपछी मात्र फिर्ता गर्नु पर्ने देखिन्छ। केहि उदाहरण देहायबमोजिम छन्:
<table>
<tr><td colspan="6">धरौटी</td></tr>
<tr><td>मिति</td><td>भौचर नम्वर</td><td>नाम</td><td>अवस्था</td><td>धरौटी रकम</td><td>कैफियत</td></tr>
<tr><td>२०७८।८।१४</td><td>२</td><td>भुमिराज ईङ्गलिस वोडीङ्ग स्कुल</td><td>फिर्ता</td><td>१,००,०००</td><td>धरौटी फिर्ताको लागि आवश्यक कागजात नभएको</td></tr>
<tr><td>२०७८।८।१४</td><td>३</td><td>सिगास निर्माण सेवा</td><td>फिर्ता</td><td>२,५३,१८८.९५</td><td>करसमायोजन पत्र नभएको, निर्माण सम्पन्नका कागजात नभएको</td></tr>
</table></td><td></td></tr>
</table>

| | | | | | |
|---|---|---|---|---|---|
| २०७८।८।१४ | ४ | एभरेष्टसोलार ईनर्जी एण्ड कम्पनी | फिर्ता | ७४,९३० | करसमायोजन पत्र नभएको, निर्माण सम्पन्नका कागजात नभएको |
| २०७९।१।२३ | १६ | लक्षीमन एण्ड ब्रदर्श कन्सट्रक्सन | फिर्ता | ६०,१९२ | करचुक्ता तथा कर समायोजन पत्र नभएको |
| २०७९।३।०८ | २२ | धामी कन्सट्रक्सन एण्ड सप्लायर्सक, गोदावारी मेडीसीन सप्लायर्स | फिर्ता | ९०,००० | दुबै धरौटी फिर्तामा कर समायोजन तथा कर कट्टी पत्र नभएको |

५४

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४ (२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजू निम्नानुसार रहेको छ ।

(रु.हजारमा)

| गत वर्षसम्मको बेरुजु (A) | यो वर्ष सम्परीक्षण गरिएको बेरुजु (B) | गत वर्षसम्मको बाँकी बेरुजु (C=A-B) |
|---|---|---|
| १८०७६७ | ४७३२२ | १३३४४५ |

यस वर्ष पालिकाले रु४७३२२८२२।०० फछ्र्यौट गरी सम्परीक्षणको लागि अनुरोध भई आएकोमा निम्नानुसार रु. ४७३२२८२२।०० सम्परीक्षण गरिएको छ ।

| सिन | आ.वा. | दफा | व्यहोरा | फ्रछ्यौटको आधार | रकम |
|---|---|---|---|---|---|
| १ | ७७।७८ | २४ | निम्न अनसारको फिर्ता गर्न बाकी रहेको रकम फिर्ता गर्नु पर्ने रू<br>१.सघिय सशर्त अनुदान रू ३५५०६५०१।९९ | निम्न भौचरबाट दाखिला गरी सम्परीक्षणको लागी अनुरोध भई आएको प्रमाणका आधारमा स. प. गरिएको रू | ४७३२२८२२ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | २. प्रदेश सशर्त अनुदान रू ११८१६३२०.०१।०० ४७३२२८२२ | १.मिति २०७८।१०।२४ मा रिम्स कारोवार न २०७८-७१७५०९३बाट रू ९९५८०००<br>२.मिति २०७८।१०।२४ मा रिम्स कारोवार न २०७८-७१७५४१६बाट रू १४७३९३४२<br>३.मिति २०७८।१०।२४ मा रिम्स कारोवार न २०७८-७१७४७५६बाट रू १६७७७१७<br>४.मिति २०७८।१०।२४ मा रिम्स कारोवार न २०७८-७१७४३८६बाट रू १८०६०३<br>५.मिति २०७८।१०।२४ मा रिम्स कारोवार न २०७८-७१७३९९८बाट रू २०७६७१६० | | | |